# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षालाई विकासको मेरुदण्डको रुपमा लिइन्छ । मानिसको व्यवहारमा सकरात्मक परिवर्तन ल्याउने माध्यम शिक्षा हो । शिक्षाले मानिसको चेतनाको विकास गराउँछ । परिवर्तित मानवीय आवश्यकता र विश्वमा भएका नविनतम बैज्ञानिक आविश्कार एवं प्रविधिको विकाससंगै शिक्षा आजको मानिसको सबैभन्दा महत्वपूर्ण र अभिन्न आवश्यकता भएको छ । शिक्षा विनाको मानिस आजको समाजमा समायोजन हुनै नसक्ने अवस्थामा पुगेको छ । कुनैपनि देशको आर्थिक,सामाजिक ,साँस्कृतिक एवम् राजनैतिक प्रणाली अनुसार शिक्षाको स्वरुप र संरचना फरक फरक हुने भएता पनि आधारभूत रुपमा शिक्षाको उद्देश्य व्यक्तिलाई आदर्श,उद्यममशील,कर्तव्यनिष्ठ ,जागरुक एवम् उत्पादनशील नागरिक तयार गर्ने नै हुन्छ । विकसित देशहरुमा अनुसन्धानमूलक, प्राविधिक र विशेषज्ञहरु तयार गर्ने खालको शैक्षिक जनशक्ति तयार गर्ने शिक्षामा जोड दिइएको पाइन्छ भने विकासोन्मुक देशहरुमा सैद्धान्तिक, साधारण तथा शिक्षित अर्धदक्ष जनशक्ति तयार गर्ने खालको शिक्षा प्रचलनमा रहेको
पाइन्छ । शिक्षा प्रदान गर्ने शिक्षालयहरुको व्यवस्थापकीय पाटो कमजोर हुँदा अपेक्षित उपलब्धि नहुने कुरा स्पष्ट छ । हातहातमा ल्यापटप,सुविधासम्पन्न कक्षाकोठामा कम्प्युटर, ओभरहेड प्रोजेक्टर, इन्टरनेट सन्जाल मार्फत अत्याधुनिक शिक्षालयहरुमा पढ्ने,पढाउने विकसित शिक्षा प्रणाली एकातिर छ भने खुल्ला आकाशमुनी समयमा पाठ्यपुस्तक पनि नपाउने,कमजोर भौतिक व्यवस्थापनका बीच कक्षागत शिक्षकको समेत अभावमा नेपालका कैयौं विद्यालयहरु सञ्चालित छन् ।

एउटै समयमा एक जना शिक्षकले दुई वा दुई भन्दा बढी कक्षाका विद्यार्थीहरुलाई शिक्षण गर्ने पद्धतिलाई बहुकक्षा शिक्षण भनिछ । एउटै समयमा एउटै कोठामा विभिन्न कक्षाका विद्यार्थीहरुलाई एकसाथ राखेर वा अलग अलग कोठामा राखेर पनि एउटै समयमा एउटा शिक्षकले विभिन्न कक्षाहरु एकसाथ सञ्चालन गर्नु बहुकक्षा शिक्षण हो । नेपालको दुर्गम जिल्लाका ग्रामिण इलाकाहरु जहाँ पर्याप्त मात्रामा भौतिक सुविधाहरुको अभाव , विशेष गरी कक्षाकोठाको अभाव, जनचेतनाको कमी, गरीबि, अशिक्षा, भौगोलिक विकटता आदिका

कारण  विद्यालयमा विद्यार्थीहरुको संख्या कम छ । त्यसैले उक्त स्थानका विद्यालयहरुमा बहुकक्षा शिक्षण पद्धति अपनाउन उपयुक्त देखिन्छ । हाम्रो देशमा शिक्षा नियमावली अनुसार विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दि निर्धारण गर्ने ब्यवस्था गरिएको छ । विद्यार्थी संख्या कम भएपछि शिक्षक संख्या स्वत कम हुन पुग्दछ  तर कक्षाहरु भने सञ्चालन गर्नैपर्ने हुन्छ । कम विद्यार्थी भएको विद्यालयमा बढी शिक्षक संख्या हुँदा र्र बढी  व्ययभार पर्न जान्छ । प्राथमिक तह भन्नाले कक्षा १-५ सञ्चालित विद्यालय भन्ने बुझिन्छ । यस तहमा ५ -९  वर्ष उमेर समुहका विद्यार्थीहरु अध्ययन गर्दछन् । प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता थाहा पाउन समस्याहरु पत्ता लगाउन र समाधानका उपायहरु पत्ता लगाउन तथा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन बहुकक्षा शिक्षणको  सान्दर्भिकता पत्ता लगाउन यस शीर्षकमा अध्ययन गरिएको छ ।

बहुकक्षा शिक्षणको शुरुवात मानव सभ्यताको सुरुबाट सँगै भएको मानिन्छ । प्राचीन समयमा गुरुकुल शिक्षा प्रणालीमा गुरुले विभिन्न उमेर र क्षमताका विद्यार्थीहरुलाई एकैठाउँमा राखेर एकसाथ पढाउने गर्दथे । सबै विद्यार्थीलाई एकै समुहमा राखेर शिक्षण गर्दा गुरुले उनीहरुको क्षमताका आधारमा काम लगाउने गर्दथे । यस क्रममा बढी जान्ने विद्यार्थीले कम जान्ने विद्यार्थीहरुलाई सिकाउने गर्दथे । यसरी परापूर्वकालदेखि चल्दै आएको शिक्षण सिकाई प्रक्रियाले घर, परिवार र समाजमा ठूलाले सानालाई तथा बढी जान्नेले कम जान्नेलाई सिकाउने गर्दा समेत निरन्तरता पाइरहेको देखिन्छ । सन् १९९० मा शुरु भएको “सबैका लागि शिक्षा ” सम्बन्धी अभियानले मूलतः आधारभूत तथा प्राथमिक शिक्षाको विकासलाई गरीबी घटाउने र स्थानीय सुशासनको प्रत्याभूति दिने एक प्रमुख साधनको रुपमा स्वीकार गरेको देखिन्छ । यसै सन्दर्भमा दशौं पञ्चवर्षीय योजनाले देशविकासको आवश्यकता अनुरुप गुणस्तरयुक्त शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय प्राथमिक शिक्षालाई सर्बसुलभ बनाउने भन्ने उद्देश्य समेत निर्धारण गरेको थियो । यही उद्देश्य परिपूर्तिका लागि सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने नेपाल सरकारको घोषित नीति तथा अन्तर्राष्ट्रिय रुपमा गरिएको प्रतिबद्धताअनुरुप प्राथमिक तहको शिक्षालाई अनिवार्य गर्ने कार्यक्रमलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लैजाने र तदनुरुप संस्थागत व्यवस्थापकीय एवम् भौतिक आधारहरुमा सुधार गर्ने रणनीति तथा कार्यनीति तय गरेको छ ।

शिक्षाको जगनै प्राथमिक शिक्षा भएकाले नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाभन्दा अगाडि देखिनै सरकारले प्राथमिक शिक्षामा जोड दिदै आएको छ । नेपालमा प्राथमिक शिक्षा सुधारको प्रयास सन् १९८३ मा पाइलट प्रोग्रामको रुपमा 'प्राथमिक शिक्षा परियोजना' लागू हुँदा देखिनै शुरु भएको हो । सन् १९८३ देखि हालसम्म विभिन्न योजना, परियोजना, कार्यक्रमहरुका नाममा प्रशस्त रकम खर्च भइरहेको छ । यस्ता सुधारका प्रयासहरु हालसम्म पनि जारी रहेका छन् । यसरी प्राथमिक शिक्षाको सुधार तथा पहुँच बृद्धिका लागि ल्याइएका विविध कार्यक्रमहरु मध्ये बहुकक्षा शिक्षण पनि एउटा हो । बहुकक्षा शिक्षण व्यवस्थालाई विकसित मुलुकहरुले बैकल्पिक शिक्षण विधिको रुपमा स्वीकार गरी कार्यान्वयनमा समेत ल्याएको पाइन्छ । यसलाई संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, नर्बे, मलेसिया, भियतनाम, श्रीलङ्का, चीन जस्ता मुलुकहरुले शिक्षाको राष्ट्रिय नीतिमा नै समाबेश गरी प्रयोगमा ल्याएका छन् । हाम्रो देशमा पनि केही न केही रुपमा यसलाई प्रयोगमा ल्याएको त देखिन्छ तर पनि यहाँ अभावको न्यूनिकरणका लागि संङ्कट व्यवस्थापनको रुपमा मात्र प्रयोग हुदै आएको पाइन्छ । हाम्रोजस्तो सिमित स्रोत र साधन भएको मुलुकमा यसलाई अभावको समाधानका लागि मात्र नभई सहरी क्षेत्रका विद्यार्थी सङ्ख्या न्यून भएका सम्पन्न विद्यालयहरुमा समेत प्रभावकारी पठनपाठनको माध्यमको रुपमा प्रयोगमा ल्याउन सकिन्छ । प्राथमिक तहमा बहुकक्षा शिक्षण गर्दा विभिन्न किसिमका समस्याहरुको सामना गनुपर्ने हुन्छ । शिक्षकको शैक्षिक योग्यता, क्षमता, तालिम, अनुभव, शैक्षिक सामग्री, विद्यार्थी संख्या आदि जस्ता तत्वहरुले बहुकक्षा शिक्षणलाई प्रत्यक्ष प्रभाव पार्दछ । तसर्थ यस अनुसन्धानको क्रममा प्राथमिक तहमा बहुकक्षा शिक्षणले विद्यालय, शिक्षक, विद्यार्थी, पाठ्यक्रम, शैक्षिक सामग्री, कक्षाकोठा व्यवस्थापन,अपेक्षित सिकाई उपलब्धि जस्ता पक्षहरुमा पार्ने प्रभावलाई केलाउने र समाधानका उपायहरु पत्ता लगाउने प्रयत्न गरिएको.छ ।

## १.२.समस्याको कथन

नेपालका पहाडी र हिमाली क्षेत्रका ग्रामिण बस्तीहरु एकआपसमा छरिएर रहेका छन् । हिमाली क्षेत्रमा त यस्ता बस्ती ज्यादै पातलो रहेका र भएका विद्यालयहरुमा विद्यार्थीहरुलाई जान आउन ज्यादै कठिनाई रहेको छ । यस्ता वस्तीहरु तथा कतिपय शहरी सार्वजनिक विद्यालयहरुमा विद्यार्थीहरुको चाप ज्यादै कम हुने गरेको छ । नेपाल

सरकारको घोषित नीति अनुरुप सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पऱ्याउने लक्ष्य पूरा गर्नका लागि धेरै गाउँहरुका बीचमा पर्ने गरी एउटा ठूलो प्राथमिक विद्यालय खोल्नुभन्दा हरेक गाउँहरुमा स-साना प्राथमिक विद्यालयहरु खोल्नुपर्ने देखिन्छ । त्यस्तै खुलिसकेका तर कक्षागत रुपमा विद्यार्थी संङ्ख्या ज्यादै न्यून रहेका विद्यालयहरुलाई कक्षागत शिक्षक दरवन्दी उपलब्ध गराउनु ज्यादै खर्चिलो र प्रतिविद्यार्थी लागत निकै बढी पर्न जान्छ । सरकारले विगत लामो समयदेखि मागअनुसार शिक्षक दरवन्दी उपलब्ध गराउन नसकिरहेको वर्तमान अवस्थामा गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्य कठीन हुन जान्छ । तसर्थ यस्तो यस्तो अवस्थामा हाल सञ्चालन भैरहेको शिक्षण ब्यवस्थामा वैकल्पिक सोच ल्याई बेकल्पिक शिक्षण विधिको व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यस्तो शिक्षण व्यवस्था मध्ये ‘बहुकक्षा शिक्षण ब्यवस्था’ उपयुक्त विकल्प हुन सक्छ । शिक्षा नियमावली २०४९ (संशोधन सहित) को नियम ९२ र त्यससंग सम्बन्धित अनुसूची १२ मा तोकिएको शिक्षक दरवन्दी अनुसार कक्षा १-३ का लागि २ जना शिक्षक र कक्षा १-५ का लागि ३ जना शिक्षक न्यूनतम रुपमा रहने भन्ने उल्लेख छ ।

देशको भौगोलक विकटता, जनसंख्याको असन्तुलित बसाइ व्यवस्थापन, क्षेत्रीय असन्तुलन,राज्यको न्युन आर्थिक लगानी, एक विद्यालयदेखि अर्को विद्यालय सम्मको दूरी, विद्यार्थी विद्यालय पुग्न लाग्ने समय,सञ्चालित कक्षा र शिक्षक दरवन्दि आदिलाई मध्यनजर गर्दै हाल कतिपय विद्यालयहरुमा प्रचलित बहुकक्षा शिक्षणले केही हदसम्म भएपनि राज्यको व्ययभार कम, अभिभावकको आवश्यकता पूर्ति र शिक्षाको लक्ष्य प्राप्तिमा सम्बोधन हुन सक्ने भएकाले बहुकक्षा शिक्षणलाई कसरी प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ भनी अध्ययन अनुसन्धान गर्न उपयुक्त भएकाले यसलाई अध्ययनको विषयवस्तुको रुपमा पस्तुत गरिएको छ । कक्षाकोठामा शिक्षण गर्दा विद्यालयको भौतिक सुविधा, विद्यार्थी संख्या, शिक्षक संख्या, सञ्चालित कक्षा, शिक्षकको योग्यता, क्षमता, रुचि, उमेर, सिक्ने क्षमता आदिलाई ध्यानमा राखी विद्यार्थी केन्द्रित शिक्षण व्यवस्था मिलाउनुपर्छ । शिक्षण व्यवस्था अन्तरगत विशेष गरी विषय शिक्षण, कक्षा शिक्षण र बहुकक्षा शिक्षण विधिहरुको बढी प्रयोग भएको पाइन्छ ।

हालसम्म यही प्रावधान बमोजिम सरकारले शिक्षकहरुको आपूर्ति गर्न पनि सकिराखेको अवस्था छैन भने कतिपय विद्यालयहरुमा विद्यार्थी संङ्ख्या ज्यादै न्यून भएका कारण छुट्टाछुट्टै कक्षाकोठामा विद्यार्थीहरुलाई राखी अध्यापन गराउँदा शिक्षण सिकाइ कार्य प्रभावकारी हुन नसकी आशातित शैक्षिक उपलब्धी हासिल हुन सकिरहेको देखिदैन । जसबाट शैक्षिक क्षतिमा बर्षेनी बृद्धि हुदै गइरहेको छ । विद्यार्थी संङ्ख्या थोरै र शिक्षक दरवन्दी सञ्चालित कक्षा भन्दा कम भएका विद्यालयहरुमा बैकल्पिक शिक्षण तरिकाका रुपमा बहुकक्षा शिक्षण ब्यवस्था अपनाउनु शैक्षिक गुणस्तर सुधार र शैक्षिक क्षतिको न्यूनिकरणका लागि उपयुक्त मानिएको छ । बहुकक्षा शिक्षणसंग सम्वन्धित भएर नेपालमा गरिएका विभिन्न अध्ययन अनुसन्धानहरुका अतिरिक्त अन्तर्राष्ट्रिय क्षेत्रमा भएका यस्ता अध्ययनहरुले समेत यसलाई पुष्टि गर्दै बहुकक्षा शिक्षण सङ्कट ब्यवस्थापनको माध्यम मात्र नभइ बैकल्पिक शिक्षण विधिका रुपमा प्रयोगमा ल्याउनुपर्ने कुरामा जोड दिइएको छ । यसरी सबैका लागि शिक्षाको पहुँच सुनिश्चित गर्नका लागि कम शिक्षक भएका ठाउँमा पनि प्रभावकारी ढङ्गले सञ्चालन गर्न सकिने बुहकक्षा शिक्षण सञ्चालन भएका विद्यालयहरुमा के कस्ता समस्याहरु रहेका छन् ? किन बहुकक्षा शिक्षण प्रभावकारी हुन सकिरहेको छैन ? बहुकक्षा शिक्षण सञ्चालन गर्न बाध्यात्मक परिस्थिति हुँदा हुँदै पनि यसलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न नसक्नुमा सम्बन्धित सरोकारवलाका के कस्ता कमी कमजोरीहरु रहेका छन् ? जि.शि.का तथा स्रोतकेन्द्रको प्रभावकारी भूमिका निर्वाह हुन नसक्दा पनि बहुकक्षा शिक्षणमा समस्या सृजना भएको त होइन ? भोलिका दिनमा बहुकक्षा शिक्षलाई प्रभावकारी बनाउनका लागि नीति निर्माण तह कार्यन्वयन तह र भावि अनुसन्धानकर्ताहरुले के कस्ता कार्यकलाप गर्न सकेको खण्डमा वर्तमानको भन्दा थप प्रभावकारी हुन सक्दछ ? भन्ने जस्ता शीर्षसकहरुलाई मुख्य समस्याका रुपमा लिएर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.३ अध्ययनको औचित्य

समाजको सामाजिक रुपान्तरण शिक्षाको पहूँच र अवसरमा निर्भर गर्दछ । शिक्षाकै माध्यमबाट समाजले सचेत,सक्षम र सुसूचित नागरिकको परिकल्पना गरेको हुन्छ । यसका अतिरिक्त शिक्षाले राष्टिय तथा अन्तराष्ट्रियस्तरका उत्पादनशील जनशक्ति निर्माण गर्दछ । त्यसैले शिक्षा सामाजिक तथा आर्थिक विकासको आधारशिला हो ।  शिक्षा प्राप्त गर्न पाउने

मानिसको नैसर्गिक अधिकार र सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य दिनुपर्ने राज्यको दायित्वभित्र परेको सन्दर्भमा नेपाल जस्तो भौगोलिक विकटता, छरिएको वस्ती, जनसङ्ख्याको असमान वितरण, सिमित आर्थिक श्रोतसाधनका कारण कक्षागत आधारमा शिक्षक व्यवस्थापन गर्न नसकिरहेको अवस्थामा बहुकक्षा शिक्षण एक उत्तम विकल्पको साथै बाध्यात्मक अवस्था पनि हो । तसर्थ बहुकक्षा शिक्षणको प्रभावकारिताले सिङ्गो शैक्षिक प्रणाली र गुणस्तरमा समेत प्रत्यक्ष प्रभाव पर्ने हुँदा यससंग सम्बन्धित समग्र पक्षको अध्ययन अनुसन्धान गर्नु आफैमा औचित्यपूर्ण छ । यसको अध्ययनले बहुकक्षा शिक्षणमा सँलग्न विद्यालय, शिक्षक, व्यवस्थापनपक्ष, नीति निर्माण तहका विज्ञहरु, शैक्षिक साझेदार सँघ संस्थाहरु र सरकार समेतलाई यथेष्ट सहयोग पुग्ने निश्चित छ ।

बहुकक्षा शिक्षण पद्धतिमा केही महत्वपूर्ण र सबल पक्षहरु रहेको पाइन्छ । अन्य शिक्षण पद्धतिमा पनि बहुकक्षा शिक्षण पद्धति राम्रो हुनसक्छ । बहुकक्षा शिक्षण गर्नुपर्ने अवस्था नभएका विद्यालयमा पनि फरकफरक सिकाइ क्षमता, उमेर, स्वभाव र चाख भएका विद्यार्थीहरु हुन्छन् । यस्ता विद्यालयहरुमा विषयगत शिक्षणले मात्र त्यस्ता सबै विद्यार्थीहरुलाई नसमेट्न सक्छ । त्यस्तो अवस्थामा दुईवटा आसन्न कक्षाका विद्यार्थीहरुलाई एउटै कक्षामा राखी विभिन्न सहसिकाइमा आधारित शिक्षणसिकाइ क्रियाकलाप गरेर सिकाइ अभिबृद्धि गर्न सकिन्छ । त्यस्तै फरक स्तर र उमेरका विद्यार्थीहरुलाई सँगसँगै शिक्षण सिकाइ क्रियाकलापमा संलग्न गराउँदा एक अर्काबाट धेरै कुराहरु सिक्ने अवसरको सृजना हुन्छ । यसबाट खास गरिकन ठूलोबाट सानालाई र जान्नेबाट नजान्नेलाई सहयोग प्राप्त हुन्छ । यो तरिकाबाट शिक्षण गराउँदा कक्षामा फरक उमेरका विद्यार्थीहरु बीच सम्पर्क र सहकार्य हुन्छ । आधारभूत प्राथमिक शिक्षक निर्देशिका २०६२ का अनुसार “बहुकक्षा शिक्षणको व्यवस्थापन र सञ्चालन प्रभावकारी रुपमा भए विद्यार्थीहरुको उपलब्धिस्तर अन्य शिक्षण व्यवस्थासरह हुनुका साथै उनीहरुमा जिम्मेवारीको भावनाको विकास, मिलेर काम गर्ने बानीको विकास र एक अर्कोबाट सिक्ने प्रवृत्तिको समेत विकास हुन्छ ।” त्यसैले बहुकक्षा शिक्षण एक सबल, सिर्जनात्मक, स्वःस्फूर्त र सद्गुणयुक्त शिक्षण पद्धति हो ।

पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार कक्षा सञ्चालन गर्न विद्यालयको भौतिक अवस्था, शिक्षक सङ्ख्या, शिक्षकहरुको योग्यता र अनुभव, विदयार्थीको स्तर,उमेर, क्षमता आदिको आधारमा शिक्षण कार्यको लागि सङ्गठन गरिन्छ । विद्यालय व्यवस्थाको यो एक महत्वपूर्ण पक्ष हो । शैक्षणिक संगठनको प्रभावकारी व्यवस्थापन गर्न नसक्दा शिक्षा पद्धतिले राखेको उद्धेश्य पूरा हुन सक्दैन । शैक्षणिक संगठन विभिन्न तहको आधारमा भिन्नभिन्न हुन्छ । पूर्वप्राथमिक, प्राथमिक, माध्यमिक एवम् महाविद्यालय तह । तर पनि सबै प्रकारका शिक्षणको मूल उद्देश्य प्रभावकारी सिकाई गराउने रहेको हुन्छ । कक्षा शिक्षण र विषय शिक्षणको विकल्पका रुपमा आएको बहुकक्षा शिक्षणको प्रभावकारिताका सम्बन्धमा प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता नामक शीर्षकमा गर्न लागिएको यस प्रस्तुत शोधपत्रको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) विद्यालयमा बहुकक्षा शिक्षणको आवश्यकता र महत्वका बारेमा जानकारी प्राप्त गर्न थप सहयोग प्रदान गर्ने छ ।

ख) बहुकक्षा शिक्षणमा के कस्ता समस्याहरु हुन सक्छन् र तिनीहरुलाई के कसरी प्रभावकारी रुपले अध्ययन गर्न सकिन्छ भन्ने कुरामा सम्बन्धित सरोकारवाला पक्षका लागि मार्गप्रशस्त गर्न प्रभावकारी हुने छ ।

ग) बहुकक्षा शिक्षणका लागि शिक्षकलाई दिइने तालिम, शैक्षिक सामग्री एवम् व्यवस्थापकीय पक्ष कस्तो रहनु पर्दछ भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि प्रस्तुत शोधपत्रले प्रभावकारी भूमिका निर्वाह गर्नेछ ।

घ) भोलिका दिनमा बहुकक्षा शिक्षण सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहने जोकोही अनुसन्धानकर्ताका लागि पनि प्रस्तुत शोधपत्र सन्दर्भ ग्रन्थको रुपमा प्रभावकारी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

१. प्राथमिक विद्यालयहरुमा बहुकक्षा शिक्षणको वर्तमान अवस्था पहिचान गर्नु,

२. बहुकक्षा शिक्षणको प्रभावकारिताको लेखाजोखा गर्नु,

३. बहुकक्षा शिक्षणमा देखापरेका समस्याहरु पहिचान गरी समस्या समाधानका उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

१ वर्तमान अवस्थामा प्राथमिक विद्यालयहरुमा बहुकक्षा शिक्षणको अवस्था कस्तो छ ?

२, बहुकक्षा शिक्षणको प्रभावकारिताको लेखाजोखा कसरी गर्न सकिन्छ ?

३, बहुकक्षा शिक्षणमा देखापरेका समस्याहरु के के हुन ?

४, बहुकक्षा शिक्षणमा देखापरेका समस्या समाधानका उपायहरु के के हुन ?

### १.६ अध्ययनको परिसिमा

यस अध्ययनलाई प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता शीर्षक राखी तपसिलको परिसिमा भित्र रही अध्ययन सञ्चालन गरिएको छ ।

क) प्रस्तुत अध्ययन औपचारिक पाठ्यक्रम पूरा गर्ने प्रयोजनका लागि तयार गरिने भएको हुँदा शोधकर्ताको समय, पाठ्यक्रमको आवश्यक पाठ्यभार अनुसार प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता सम्बन्धि मात्र अध्ययन अनुसन्धान गरिएको छ ।

ख) यस अध्ययनमा गोरखा जिल्लाका घैरुङ, ताङ्लीचोक र मकैसिङ गा.वि.स.मा केन्द्रित गरिएको छ ।  गोरखा जिल्ला घैरुङ स्रोतकेन्द्र अन्तरगत रहेका २० वटा विद्यालयहरु मध्येमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा ७ वटा विद्यालयका ७ जना शिक्षक, ७ जना प्रधानाध्यापक, ७ जना वि.व्य.स. अध्यक्ष, ५।५ जनाको विद्यार्थी समुह र सम्बन्धित स्रोनकेन्द्रका स्रोतव्यक्ति गरी जम्मा ५७ जनालाई अध्ययनको जनसङ्ख्याका रुपमा छनोट गरिएको छ ।

ग) अध्ययनका लागि विद्यालय अनुगमन फारम, प्रश्नावली,समुह छलफल सूचीको प्रयोग गरिएको छ ।

घ) तथ्याङ्कको द्धितीय स्रोत अन्तरगत इमेल, इन्टरनेटको समेत प्रयोग गरी आवश्यक सूचनाहरु सङ्कलन गरिएको छ । बहुकक्षा शिक्षणको प्रभाकारितालाई अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा पहिचान गरिएको छ ।

### १.७ सान्दर्भिक शब्दावलीहरुको परिभाषा

वि.व्य.स. : विद्यालयको सञ्चालन तथा रेखदेख र व्यवस्थापन गर्नका लागि विद्यालयमा गठिन समिति ।

बहुकक्षा शिक्षण : एकै समयमा एक जना शिक्षकले दुई वा दुईभन्दा बढी कक्षाहरुलाई एकै साथ शिक्षण गर्ने कार्य ।

सिकाइ उपलब्धि : विद्यार्थीहरुले प्राप्त गरेका विषयगत प्राप्ताङ्क ।

प्रभावकारिता : कुनै पनि विषयको प्रयोग पश्चात त्यसबाट परेको सकरात्मक तथा नकरात्मक असर ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

सम्बन्धित साहित्यको पुनरावलोकन भन्नाले आजभन्दा अगाडि गरिएका प्रस्तुत अध्ययन अनुसन्धानसंग सम्बन्धित हुने लेख रचना, पत्रपत्रिका एवम् विभिन्न बुद्धिजीवीहरुका भनाईहरुलाई अध्ययन अनुसन्धान गरी समिक्षागत रुपबाट प्रस्तुत गर्नु भन्ने बुझिन्छ । सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाले अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्न मार्गदर्शन गर्ने हुँदा प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता नामक शीर्षकमा गर्न लागिएको प्रस्तावित शोधपत्रमा सम्वन्धित साहित्यको पुनरावलोकनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विषय शिक्षण र वर्ग शिक्षण व्यवस्था बाहेकको प्रभावकारी शिक्षण व्यवस्था बहुकक्षा शिक्षणलाई मानिन्छ । यस शिक्षण व्यवस्थालाई कठिन परिवेशमा अपनाइने शिक्षण पनि भनिन्छ किनभने कतिपय दुर्गम ठाउँहरु जहाँ भौतिक सुविधा,शिक्षक सङ्ख्या, शैक्षिक सामग्री,विद्यार्थी सङ्ख्या आदिको अभावमा कक्षा शिक्षणको व्यवस्था गरिन्छ । विभिन्न पहाडी इलाकाहरु जहाँ साक्षरताको अभाव हुन्छ, नागरिक चेतनाको अभाव हुन्छ, छरिएर रहेको बस्ती हुन्छ, तालिम प्राप्त शिक्षकको कमी हुन्छ, विद्यालयको आर्थिक स्थिति कमजोर र शैक्षिक सामग्रीको अभाव हुन्छ त्यस्ता ठाउँहरुमा बहुकक्षा शिक्षण उपयोगी हुन्छ ।

बहुकक्षा शिक्षणलाई व्यवस्थित रुपबाट लागू गर्न सक्दा कम शिक्षकहरुबाट विद्यालय सञ्चालन हुन सक्दछ । विद्यार्थीको सहभागितामा (जान्ने विद्यार्थीले नजान्ने विद्यार्थीलाई सिकाएर) शिक्षण गर्न सकिन्छ ,विद्यार्थी विद्यार्थी बीच आफूले जानेको ज्ञान र सीपको आदान प्रदान हुन्छ । यस किसिमको कक्षा सञ्चालन गर्न शिक्षकले सबैभन्दा पहिले एउटा कक्षालाई पढाई उनीहरुलाई काम दिने गर्नुपर्दछ । अब दोश्रो समूहमा(कक्षामा) जाने र उनीहरुलाई पनि पढाई काम दिनुपर्दछ । अब दुबै समूहमा दिएको काम गर्नलाई मनिटरले शिक्षकलाई सघाउँछ र शिक्षक घुमीघुमी विद्यार्थीहरुलाई सिकाउने र निर्देशन दिने काम गर्दछ । बहुकक्षा शिक्षणमा एउटै कक्षामा दुई वा दुई भन्दा बढी कक्षाहरु राखी अध्यापन

गराउनुपर्ने भएकोले कक्षाकोठा ठूलो, शैक्षिक सामग्री पर्याप्त, चकबोर्ड ठूलो र कक्षाको विद्रयार्थी बसाई पनि उपयुक्त खालको हुनुपर्दछ, (शर्मा,२०६४ : ११२) ।

विद्यालयमा पिरिएड खाली हुने समस्या हल गर्न तथा आर्थिक अवस्था कमजोर भइ शिक्षकको अभावमा उपयुक्त कक्षाकोठा र विद्यालय भवनको अभावमा विद्यालय व्यवस्थापन समितिको ब्रैकल्पिक उपाय निरुपणका लागि र वैकल्पिक शिक्षण पद्वतिको रुपमा पनि बहुकक्षा शिक्षण प्रक्रियालाई लिन सकिन्छ, ( शै.ज.वि.केन्द्र २०५८ : २९) ।

दुई वा सो भन्दा बढी कक्षाहरुका विभिन्न उमेर र स्तरका बालबालिकाहरुलाई एउटै कक्षाकोठामा वा विभिन्न कक्षाकोठामा राखी एउटै समयमा पढाउने व्यवस्थालाई बहुकक्षा-शिक्षण भनिन्छ । यसलाई बहुवर्ग-शिक्षण पनि भनिन्छ । जस्तै- प्राथमिक तहका कक्षा १,२,३ का विद्यार्थीहरु लाई एउटै कोठामा वा भिन्नभिन्न कक्षामा एकजना शिक्षकले नेपाली, गणित र सामाजिक अध्ययन शिक्षण गर्नु । भौतिक सुविधाको अभाव, शिक्षक तथा विद्यार्थीको कम सङ्ख्या र शैक्षिक सामग्रीको अभाव भएको परिस्थितिमा यस प्रकारको शिक्षण गर्न सकिन्छ । यो शिक्षण व्यवस्थालाई कठिन परिवेशमा गरिने शिक्षण पनि भनिन्छ किनभने कतिपय दुर्गम स्थानहरु जहाँ साक्षरता र नागरिक चेतनाको अभाव हुन्छ, पातलो बस्ती, बाटो-घाटोको असुविधा, कम विद्यार्थी सङ्ख्या, तालिमप्राप्त शिक्षकको अभाव, विद्यालयको आर्थिक स्थिति कमजोर र भौतिक सुविधा एवम् शैक्षिक सामग्रीको अभाव हुन्छ त्यस्ता ठाउँहरुमा प्राथमिक तहमा बहुकक्षा-शिक्षण उपयोगी हुन्छ ।  बहुकक्षा-शिक्षणमा शिक्षकले कक्षाका प्रतिभाशाली विद्यार्थी र मनिटरको प्रयोग गर्न सक्दछन् । सर्वप्रथम शिक्षकले एउटा कक्षामा पढाएर उनीहरुलाई काम दिन्छन् र अर्को कक्षामा जान्छन्,पढाएर काम दिन्छन् । दुबै कक्षामा दिइएको काम गर्न कक्षा मनिटरले शिक्षकलाई सघाउँदछ, कक्षा नियन्त्राण गर्दछ । अरु कक्षा लिइसकेपछि शिक्षकले घुमीघुमी सबै कक्षाका विद्यार्थीहरुलाई सिकाउने र निर्देशन दिने गर्दछन्, (शर्मा, २०६६:९६) ।

एकजना शिक्षकले एउटै कक्षाकोठामा वा विभिन्न कक्षाकोठामा एउटै समयमा (घण्टी) दुई वा दुई भन्दा बढी कक्षाका विद्यार्थीहरुलाई शिक्षण गर्ने कार्यलाई बहुकक्षा-शिक्षण भनिन्छ। अथवा एकै समयमा एउटा शिक्षकले एक भन्दा बढी कक्षाका विद्यार्थीहरुलाई शिक्षण गर्ने पद्धति बहुकक्षा-शिक्षण हो। जस्तै- कक्षा १,२,३ लाई एउटै कक्षा वा भिन्न भिन्न कक्षामा एउटै समयमा एकजना शिक्षकले नेपाली,गणित र सामाजिक विषय शिक्षण गर्नु। यो शिक्षण कार्य क्रियाकलाप केन्द्रित हुन्छ, यसप्रकार शिक्षण कार्यमा संलग्न शिक्षकको भूमिका अस्पतालको नर्स जस्तो हुन्छ , जसले बालबालिकाको वारेमा पूर्व इतिहास अध्ययन गरी जाँचबुझ गर्छ र समस्याको निदान गर्दछ, ( वाग्ले र अन्य २०६५ : ७५)।

एकभन्दा बढी कक्षाका विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखेर वा फरक फरक कक्षाकोठामा राखेर एउटै समयमा शिक्षण गर्ने ब्यवस्थालाई बहुवर्ग-शिक्षण भनिन्छ। जस्तै- कक्षा १ र २ का विद्यार्थीहरुलाई एउटै कक्षामा समुह/समुहमा राखेर एउटा शिक्षकले एकैपटक नेपाली भाषा शिक्षण गर्नु। यसरी विभिन्न कक्षाका विद्यार्थीलाई एउटै समयमा अध्यापन गर्नका लागि शिक्षकले एउटा समुहलाई केही विषयवस्तु प्रस्तुत गरेर उनीहरुलाई केही काम दिएर अर्को समुहमा शिक्षक जाने गर्न सकिन्छ। त्यसैगरी कहिलेकाहीं विद्यार्थी-विद्यार्थी बीच पनि आदान-प्रदान गराउन सकिन्छ। बहुवर्ग शिक्षणमा सबै विषय एउटै शिक्षकले शिक्षण गर्ने वा फरक-फरक शिक्षकले फरक-फरक विषय शिक्षण गर्न पनि सकिन्छ। विद्यालयमा आवश्यक कक्षाकोठा भएमा संगसंगैको कोठामा अलग-अलग कक्षाका विद्यार्थीलाई राखेर एकैपटक शिक्षण गर्न सकिन्छ। यसका लागि शिक्षकले आलोपालो गरी कक्षाहरुमा बस्ने गर्नुपर्दछ। पर्याप्त शिक्षक सङ्ख्या वा विद्यालयको कोठा नभएमा यस्तो शिक्षण तरिका प्रयोग गर्ने गरेको पाइन्छ। खासगरी थोरै विद्यार्थी सङ्ख्या भएको अवस्थामा मात्र प्राथमिक तहमा यस्तो शिक्षण विधिको प्रयोग गर्ने गरिन्छ। माथिल्ला कक्षाहरुमा र पर्याप्त शिक्षक भएको अवस्थामा तल्लो कक्षामा पनि सामान्यतया बहुबर्ग शिक्षण गरेको पाईदैन। हुन त विभिन्न कक्षा/उमेरका विद्यार्थीहरुबाट एक अर्काले सिक्ने वातावरण तयार गर्नका लागि पनि बहुबर्ग शिक्षण गर्न सकिने भएपनि यस्तो प्रयोग हामीकहाँ कमै पाईन्छ, (पौडेल २०६५ : ११०)।

बहुकक्षा शिक्षणलाई बहुवर्ग शिक्षण पनि भनिन्छ । बहुकक्षा शिक्षण एक जना शिक्षकले दुई वा दुई भन्दा बढी कक्षाहरुलाई एउटै समयमा पढाउने शिक्षण व्यवस्था हो । यस व्यवस्थामा एक जना शिक्षकले एउटै समयमा पढाउने शिक्षण व्यवस्था हो । यस व्यवस्थामा एक जना शिक्षकले धेरै कक्षाका विद्यार्थीहरुलाई एकै कक्षामा राखेर वा धेरैवटा कक्षामा राखेर पनि शिक्षण गर्न सक्दछ । यो शिक्षण व्यवस्था थोरै विद्यार्थी भएको अवस्थामा, कक्षाकोठाको अभाव भएको अवस्थामा वा साना कक्षाका बालबालिकाहरु भएको अवस्थामा प्रभावकारी मानिन्छ । यो शिक्षण व्यवस्थामा शिक्षणसिकाइ विद्यार्थीकेन्द्रित वा क्रियाकलापकेन्द्रित हुन्छ । यस शिक्षण व्यवस्थामा शिक्षकको भूमिका ज्यादै महत्वपूर्ण हुन्छ । विभिन्न तहका विद्यार्थीहरु एउटै कक्षामा वा एउटै समयमा पढाउनुपर्ने हुँदा शिक्षकले बालबालिकाहरुको बैयक्तिक भिन्नता र सीपको पहिचान गरी फरक-फरक क्रियाकलापमा संलग्न गराएर शिक्षण गर्नुपर्दछ । शिक्षकले बालबालिकाको जाँचबुझ अध्ययन तथा परीक्षण गरी उनीहरुको अवस्था पत्ता लगाउने र सोहीअनुसार शिक्षण गर्नुपर्दछ । जस्तै- एकजना शिक्षकले १,२ र ३ कक्षाका बालबालिकाहरुलाई एउटै कक्षामा राखेर वा एउटै समयमा फरक-फरक कक्षाहरुमा राखेर शिक्षण गर्नु बहुकक्षा शिक्षण हो । यो शिक्षण व्यवस्था हाम्रो जस्तो देशमा उपयोगी र प्रभावकारी मानिन्छ । दुर्गम क्षेत्रका प्राथमिक विद्यालयहरु, दुर्गम र पातलो बस्ती भएका विद्यालयहरु, कम विद्यार्थी भएका र बाटोघाटो नभएका स्थानहरु, शिक्षकहरुको संङ्ख्या कम भएका र शिक्षकहरु अक्सर अनुपस्थित हुने क्षेत्रहरु, स्रोतसाधन र कक्षाकोठा कम भएका विद्यालयहरु आदिमा यो शिक्षण व्यवस्था प्रभावकारी र उपयोगी मानिन्छ । यस शिक्षणमा दक्ष र तालिम प्राप्त शिक्षक हुनुपर्दछ । विभिन्न तहका विद्यार्थीहरु, विभिन्न उमेर, स्तर र क्षमता भएका विद्यार्थीहरु तथा लिङ्ग, रुचि र अभिलाषा फरक-फरक भएका विद्यार्थीहरु एकैठाउँमा राखेर शिक्षण गर्नुपर्ने हुँदा शिक्षक ज्यादै सचेत, अनुभवी र सीपयुक्त हुनुपर्दछ , (खनाल,२०६५: १०५) ।

मानव विकासको सभ्यतासगै शिक्षाको विकास भएतापनि शिक्षामा कहीँ चरम सिमासम्म विकास भएका छन् भने कहीँ कतै शिक्षाको स्थिति नाजुक या शिशु अवस्थामा नै अझ सम्म रहिरहेको छर्लङ्ग देखिइरहेको छ । देशलाई अग्रगतितिर लैजानको लागि शिक्षाको विकास समयको माग परिस्थिति तथा देश सुहाँउदो हुनु पर्छ । हरेक देशले व्यक्तिको आवश्यकता बमोजिम शिक्षा प्रदान गर्ने क्रियाकलाप सर्व व्यापक बन्दै गइरहेको परिवेशमा

नेपालको सन्दर्भमा बहुकक्षा शिक्षणद्धारा अधिकांस  प्राथमिक विद्यालयमा शिक्षा प्रदान गरिँदै आइरहेको छ । बहुकक्षा शिक्षण अभ्यासमा नेपालले विश्वको शिक्षाको व्यापकता बमोजिम सबैको लागि शिक्षा कार्यक्रम अन्तर्गत प्राथमिक स्तरमा सम्पूर्ण बालबालिकालाई विद्यालय प्रवेश गराई शिक्षण गर्ने अभियानलाई पूर्णत सहयोग प्रदान गर्दै आइरहेकोले यो विधि अति प्रभावकारी बन्दै गइरहेको स्थिति छ । अहिलेको यही बदलिँदो परिवेशमा प्राथमिक शिक्षक तालिममा समेत बहुकक्षा शिक्षण समावेश गर्दै आइरहेको छ ।  यो विधिलाई विकसित तथा अविकसित दुबै देशले अभ्यास गरिरहेको पाइन्छ भने यो एउटा मुद्दा तथा चुनौतिको रुपमा भने अविकसित देशमा मुख्य समस्याको रुपमा सामनागरिरहनु परिरहेको छ, ( न्यौपाने,२०६०:४७) ।

सेरिडले कास्की, धनकुटा, मुस्ताङ र धादिङको वस्तुस्थिति अध्ययन गर्ने क्रममा १९ वटा विद्यालयमा गइ गरेको अध्ययन अवलोकन, विद्यालय सर्वेक्षण फाराम, कक्षा अवलोकन, लक्षित समुह अन्तरवार्ता र विभिन्न सामग्री अध्ययनबाट अधिकांश विद्यालयमा शिक्षकको न्यूनताको कारणले बहुकक्षा शिक्षण अपनाइएको छ । अनुसन्धानका क्रममा धनकुटामा ९२, मस्ताङमा ९१ र धादिङमा ८२ प्रतिशत विद्यालयमा बहुकक्षा शिक्षण विधि अपनाइएको तथ्य फेला परेको छ । बहुकक्षा शिक्षणको लागि खासै सिकाइ सामाग्री, शिक्षकको दक्षता, विद्यार्थीको समुहकार्य , सुविधायुक्त पहुँच पुग्ने किसिमको कक्षा व्यवस्थापन, स्वअध्ययन सामग्री, तथा बुक कर्नरको समेत व्यवस्था नरहेको पाइन्छ । शिक्षकले मुख्य सामना गर्नु परेको समस्या भनेको समयको व्यवस्थापन, कक्षा नियन्त्रण, कोर्स पूरा गर्न नसकेको र बहुकक्षा सञ्चालनको लागि समयको व्यवस्थापन गर्न नसकेको पाइन्छ । समुदायले बहुकक्षा शिक्षणाको लागि भवन, कक्षाकोठा तथा अन्य सामग्रीलाई समेत समेट्न नसकेको पाइन्छ । जिल्लाबाट उक्त विधि सञ्चालनका लागि आवश्यक पाठ्यक्रम, शिक्षकले पाठयोजना निर्माण, समूहकार्य, जोडी कार्य तथा समाहित कक्षा सञ्चालन गर्न नसकेको पाइन्छ ।

विद्यालयको प्रगतिको लागि, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ शिक्षा समिति, स्रोत व्यक्ति, र स्रोत केन्द्र मार्फत विद्यालय निरिक्षकले अनुगमन समेत नगरेको पाइन्छ । शिक्षक अनुपस्थिति रहेको अवस्थामा पनि कक्षा संचालन गरेको, तर कक्षाको साइज सानो, शिक्षकको न्युनता, विद्यार्थीको न्युन सङ्ख्या, सानो क्षेत्रमा

विद्यालय खोलेको, र अन्य विधि संभव नभएकोले यो विधि संचालन गरको पाइन्छ । शिक्षक/विद्यार्थी अनुपात ३० भन्दा माथि रहनु पर्ने, शिक्षकको योग्यता तथा तालिम प्राप्त, बाल मनोविज्ञान भएको, वहुकक्षा शिक्षण सम्बन्धी यथेष्ट ज्ञान भएको शिक्षकको व्यवस्था गरिनुपर्ने सुझाव दिइएको छ । कम्तीमा वार्षिक तालिका, साप्ताहिक र दैनिक कार्य तालिकालाई समावेश गरिन पर्ने देखिन्छ । विभिन्न शैक्षिणिक विधि, निरन्तर मूल्याङ्कन गृहकार्य, पृष्ठपोषण, आभिभावक संगको सम्बन्ध, नियमित विद्यार्थी प्रगति विवरण, विभिन्न सिकाइ सामग्री, उपलब्ध गरिनु पर्ने देखिन्छ । बहुकक्षा शिक्षणको,लागि सृजनात्मक क्षमता, स्थानिय स्रोत र सामग्री अधिकतम मात्रामा प्रयोग गर्न सकिने, विभिन्न विषयलाई समेट्ने खालको ,पाठ्यक्रम उद्देश्यलाई पूरा गराउने, कक्षाकोठाको व्यवस्थापन गराउने शैक्षिक योग्यता र तालिम प्राप्त भएको शिक्षक हुनुपर्ने देखिन्छ । समय तालिकाको बारेमा वहुकक्षा शिक्षणलाई तरिकावद्ध ढङ्गबाट दैनिक समय देखिएन, मात्र छलफल र सहभागीको सहयोगीको रुपमा लिइएको पाइन्छ ।वहुकक्षा शिक्षणको तालिम दिइने विषयमा पहिलो चरणमा प्रधानाध्यापक र दोस्रो चरणमा मात्र सम्बन्धीत शिक्षकलाई धारणात्मक र प्राविधिक रुपमा प्रयोग  गर्ने विधि अपनाइएको छ । वहुकक्षा शिक्षण विधिमा खासै नयाँ विधि नअपनाइकन पूरानो विधिद्धारा,  अनावश्यक दण्ड, पाठ्यपुस्तकमा मात्र निर्भर रहेको देखिन्छ , (CERID,2004:109)।

विद्यालयहरुमा विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्या र कक्षा सङ्ख्याको आधारमा शिक्षण व्यवस्था अपनाउनुपर्ने हुन्छ । तीमध्ये कक्षाशिक्षण, विषयशिक्षण तथा बहुकक्षा शिक्षण व्यवस्था प्रमुख हुन् । विशेष गरी पातलो बस्ती भएका स्थानका विद्यालयहरुमा विद्यार्थी सङ्ख्या कम हुने तर तिनीहरुमा शिक्षाको पहुँच पुर्‍याउनको लागि कक्षाहरु आवश्यकताअनुसार सञ्चालन गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा विद्यमान नीतिनियमअनुसार सञ्चालन भएका कक्षा सङ्ख्या भन्दा शिक्षक सङ्ख्या कम हुन्छ । अतः यस्ता विद्यालयहरुमा बहुकक्षा शिक्षण व्यवस्था अपनाउनु विभिन्न दृष्टिकोणबाट उचित हुन्छ । नेपाल भौगोलिक विविधता भएको देश हो । भौगालिक क्षेत्रअनुसार जनघनत्व फरकफरक छ । तराईमा जनघनत्व बढी छ भने हिमाली क्षेत्रमा जनघनत्व पातलो छ । यस्तै विद्यालयको सेवा क्षेत्रभित्रको जनसङ्ख्या पनि फरका रहेको छ । विद्यालयहरुको शैक्षिक स्तर पनि समान छैनन् । त्यसैले विद्यालयहरुमा सञ्चालन भएका कक्षा सङ्ख्या, विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको आधारमा शिक्षण सिकाइ फरक फरक अवस्था सिर्जना गरी गर्नुपर्ने हुन्छ

। यसैअनुरुप शिक्षण गर्न विभिन्न किसिमका शिक्षण व्यवस्थाहरु अपनाइने गरिन्छ । यदि विद्यालयमा सञ्चालन भएको कक्षासङ्ख्या भन्दा शिक्षकको सङ्ख्या कम भएका एकजना शिक्षकले एकै समयमा दुई वा सो भन्दा बढी कक्षाका विद्यार्थीहरुलाई शिक्षणसिकाई क्रियाकलापमा संलग्न गराउनुपर्ने हुन्छ । यस्तो अवस्था भएका विद्यालयहरुमा दुई किसिमबाट कक्षा सञ्चालन गरेको पाइन्छ , (शै.ज.वि.के.२०६३ : ८०) ।

नेपालको पहाडी तथा दूर्गम क्षेत्रका कतिपय प्राथमिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या धेरै कम छ । त्यसैले ती प्राथमिक विद्यालयहरुमा कक्षा सङ्ख्याको तुलनामा शिक्षक सङ्ख्या कम रहेका हुन्छन् । जस्तै : एउटा प्राथमिक विद्यालयमा कक्षा एक देखि पाँच सम्म भएता पनि विद्यार्थी सङ्ख्या ६०/६५ जना मात्र पाइन्छ भने शिक्षक सङ्ख्या पनि तीन चार जना मात्र भन्दा बढी हुदैन । त्यस्तै कतिपय बिद्यालयहरुमा कक्षा सङ्ख्याको तुलनामा कक्षाकोठाहरु कम रहेका हुन्छन । कतिपय विद्यालयहरुमा कक्षा १ देखि पाँच सम्म संचालन भइरहेको भएता पनि कक्षाकोठााहरु चार वा चार भन्दा कम हुन्छन् । यसरी कक्षाहरुको अनुपातमा शिक्षक सङ्ख्या कम र कक्षाको अनुपातमा कक्षाकोठा कम भएको दुइवटा कक्षाका विद्यार्थीहरु मिसाउदा पच्चीस जनाभन्दा बढी नहुने अवस्थामा बहुकक्षा शिक्षण गर्न सकिन्छ ।बहुकक्षा शिक्षणमा एउटै शिक्षकले दुइ वा दुइ भन्दा बढी कक्षाका विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखी विभिन्न समूहहरु बनाइ एकिकृत रुपमा अध्यापन गर्दछन् । एक भन्दा बढी कक्षाका विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखी एकै समयमा एकिकृत पाठ्यक्रमका आधारमा शिक्षण गर्ने परिपाटी नै बहुकक्षा शिक्षण हो । बहुकक्षा शिक्षणमा दुइ वा दुइ भन्दा बढी कक्षाका विद्यार्थीहरुकने विभिन्न समूहहरु बनाइ शिक्षण गरिन्छ । विद्यार्थीहरुलाई समूहमा राख्दा कक्षालाई वास्ता नगरी उनीहरुको क्षमतालाई ध्यान दिइन्छ । भनाइको अर्थ क्षमताको आधारमा समूहहरु निर्माण गरी शिक्षण गरिन्छ । त्यसैले एउटै समूहमा विभिन्न कक्षाका विद्यार्थीहरु हुन्छन् । जस्तो कक्षा दुइको एउटा विद्यार्थी गणित विषयमा धेरै कमजोर छ भने उ कक्षा एकका विद्यार्थीहरुको समूहमा बसी सिक्नुपर्ने हुन्छ । त्यस्तै नेपाली विषयमा उक्त विद्यार्थी धेरै राम्रो छ भने कक्षा ३ का विद्यार्थीहरु भएको समूहमा बसी सिक्न सक्छ । बहुकक्षा शिक्षणमा विभिन्न कक्षाका विद्यार्थीहरु कक्षागत रुपमा वा क्षमतागतरुपमा विभिन्न समूहहरुमा विभाजन भइ एक आपसमा सिक्छन् । समूहमा बसेर एकापसमा सिक्ने कार्यमा शिक्षकले सहयोग गर्दछन् , ( शै.ज.वि.के.२०६४:९८) ।

बहुकक्षा शिक्षण पद्धति आधुनिक शिक्षण विज्ञानको नयाँ आविस्कार होइन । यो पद्धति जब मानिसले आफ्ना सन्तानलाई सिकाउन शुरु गर्‍यो त्यस बेलादेखि नै चल्दै आएको पुरानो शिक्षण पद्धति हो । नेपालमा भने गुरुकुल शिक्षा प्रणालीदेखि नै बहुकक्षा शिक्षण सञ्चालन भएको पाइन्छ । यस शिक्षण पद्धतिमा ठूलाले सानालाई, बढी जान्नेले कम जान्नेलाई सिकाउने काम गरिन्छ । त्यसैले यस शिक्षण पद्धतिमा पारिवारिक र सहयोगात्मक सिकाइ वातावरणको आभास पाइन्छ । बहुकक्षा शिक्षण पद्धतिलाई जनाउन विभिन्न शब्दावलीहरु प्रयोग गरिएको पाईन्छ, जस्तैः बहुकक्षा शिक्षण, बहुस्तर, बहुउमेर, वर्गहीन, पारिवारिक सामुहिकृत, लम्बीय सामुहिकरण, असमान सिकारु सामुहिकरण आदि । शाब्दिक अर्थ केलाउँदा 'बहु' को अर्थ धेरै र कक्षा' को अर्थ तह भन्ने हुन्छ । यसरी हेर्दा बहुकक्षा शिक्षण भन्नाले धेरै कक्षाहरुको शिक्षण भनेर बुझ्न सकिन्छ । सामान्यतः बहुकक्षा शिक्षण भन्नाले एकभन्दा बढी कक्षाका विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखेर एकै समयमा एकिकृत पाठ्यक्रमका आधारमा शिक्षण गर्ने परिपाटीलाई बुझिन्छ, ( श्रेष्ठ र पौड्याल २०६७:२१) ।

कुनै शिक्षक वा विद्यालयलाई बहुकक्षा शिक्षण लागु गर्नुपर्ने अनिवार्यता छैन । तथापी यसलाई शिक्षण विधीको रुपमा शिक्षकले प्रयोग गर्न भने सक्छन् । शिक्षकको अनुपस्थितिको समयमा यसलाई प्रयोगमा ल्याउने गरिएको छ । अधिकांश शिक्षकहरुले बहुकक्षा शिक्षणलाई रुचाउँदैनन् । यस सम्बन्धी आधारभूत तालिम लिएका शिक्षकहरुले समेत बहुकक्षा शिक्षणलाई प्रयोगमा ल्याएको पाइदैन । यो पद्धतिको प्रयोग गर्नुभन्दा निजि स्रोतमा शिक्षक नियुक्ति गर्न रुचाइएको देखिन्छ । बहुकक्षा शिक्षण पद्धतिले सकृय सिकारु बन्नका लागी अभिप्रेरित गर्दछ र परम्परागत शिक्षक केन्द्रित संस्कृतिबाट सिकारु केन्द्रित संस्कृतिको विकास गर्दछ । यो पद्धतिमा पाठ्यक्रमको विषयवस्तु र क्रमलाई सिकारुको आवश्यकता अनुरुप सुधारोन्मुख परिर्वतन गर्न शिक्षकलाई स्वायत्तता हुन्छ । कतिपय शिक्षकहरु बहुकक्षा शिक्षणप्रति चासो दिन्छन् तर उनीहरुसम्म यसको पहुँच पुग्न सकेको छैन । त्यस्ता शिक्षकलाई मात्र बहुकक्षा शिक्षण सम्बन्धी तालिम दिनुपर्दछ जसले सबै विषय अध्यापन गर्ने क्षमता राख्दछन ।शिक्षकलाई मात्र होइन, विद्यालय निरीक्षक, स्रोत व्यक्ति र वि.व्य.स. पदाधिकारीहरुलाई समेत यस सम्बन्धी तालिम दिन सकिएमा मात्र यसको प्रभावकारिता वृद्धि हुनसक्छ , (श्रेष्ठ, २०६२:४२) ।

पछिल्ला दशकहरुमा प्राथमिक शिक्षामा भएको द्रुततर वृद्धि र विश्वव्यापीकरणका कारण नेपालका शैक्षिक योजनाकारहरुको चासो बहुकक्षा शिक्षणतर्फ बढेको छ । पहाडी भौगोलिक विकटताका कारण यातायात तथा संचारमा विविध समस्या श्रृजना भएका छन् । बढ्दो जनसङ्ख्या र बसाइसराइले विद्यालय जाने उमेरका बालबालिकाहरुको सङ्ख्या बढेको पाइन्छ । सिमित स्रोत र साधनका कारण सरकारले शिक्षक सङ्ख्या घटाउनुपर्ने बाध्यता छ । देशको प्रतिव्यक्ति आयले शैक्षिक विस्तारलाई स्थापित गर्न मद्दत पुर्याउन सकेको छैन तसर्थ यस पद्धतिको आवश्यकता र माग बढ्दो छ । विद्यार्थीको उमेरजन्य विविधता न्यून भर्ना दर ,शिक्षक दरबन्दी कटौति ,कक्षा कोठाको अभाव जस्ता समस्या समाधानका लागी यो पद्धति प्रभावकारी हुन्छ । नेपालका पहाडी क्षेत्रमा एउटा शिक्षकले धेरै कक्षा संचालन गर्नुपर्ने बाध्यता छ ।नेपालमा यो पद्धतिलाई संस्थागत गर्नुपर्ने कारणहरुमा भौगोलिक अवस्था, लागत प्रभावकारिता, बसाइ सराइ शिक्षकको अनुपस्थिति र प्राथमिक शिक्षाको सर्वव्यापकता रहेका छन् । यस पद्धतिलाई सिकारुले सिकारुबाट शिक्षकको सहजीकरणमा सिक्न सक्ने तथा अर्थपूर्ण अन्तक्रियाबाट हुने सिकाइको रणनीतिको रुपमा लिन सकिन्छ, ( लोहनी, सन् २०१५) ।

शहरी क्षेत्रमा बस्ती बाक्लो हुने भएकोले थोरै क्षेत्रमा धेरै जनसङ्ख्या रहने हुँदा विद्यालयमा विद्यार्थी धेरै हुने सम्भावना रहन्छ विद्यार्थीले नपत्याएर अन्तै गएको अवस्थामा बाहेक । तर, ग्रामीण र दुर्ग''भेगमा बस्ती पातलो हुने हुँदा निश्चित भूगोलभित्र बसोबास गर्ने जनसङ्ख्या सानो हुन्छ । त्यतिमात्र होइन यस्ता क्षेत्रमा हुने कठिन भू-धरातल र अन्य विशेषताका कारणले आवतजावत गर्न कठिनाई हुन्छ । साना कक्षामा पढ्ने बालबालिकाका निमित्त हिडेरै अलि परको विद्यालयमा गएर पढ्ने कुरा असम्भव जस्तै हुन्छ । अनि यातायातको समेत असुविधा हुने हुँदा टाढाका विद्यार्थी आउने सम्भावना रहँदैन । यस्तो अवस्थामा कक्षागत रुपमा राज्यले बनाएको नियम अनुसारको विद्यार्थी सङ्ख्या नपुग्ने सम्भावना रहन्छ । तर, विद्यार्थी सङ्ख्या पुगेन वा विद्यार्थी थोरै भए भनेर विद्यालय नखोल्ने हो भने त्यहाँका बालबालिकाले पढ्नै नपाउने अवस्था आउन सक्छ । यसरी पातला बस्ती भएका क्षेत्रमा बस्ने बालबालिकाको पढ्ने हकको रक्षा गर्नका निमित्त साना विद्यालयको उपस्थिति अनिवार्य हुने देखिन्छ । विश्वका अरु धेरै मुलुकहरुको जस्तै हाम्रो

पनि यो वास्तविकता हो । हाम्रो मुलुकको शिक्षाको र खासगरी प्राथमिक र आधारभूत तहको विद्यालयको पुनः संरचना गर्दा यसप्रकारका साना विद्यालयको परिकल्पना नगरी पुनः संरचनाको उद्देश्य पूरा हुन सक्ने देखिन्न । साना विद्यालयमा विद्यार्थी थोरै हुन्छन्,त्यसैले निश्चित अनुपात कायम गरेर उपलब्ध हुने शिक्षक पनि अन्य विद्यालयमा जस्तो धेरै नहुने नै भए । त्यति मात्र होइन ,एउटा कक्षामा अत्यन्त थोरै विद्यार्थी हुने यस्ता विद्यालयमा परम्परागत रुपमा शिक्षण गर्दा कक्षाको शिक्षण सिकाइमा जुन गतिशीलताको अपेक्षा गरिन्छ, सो प्राप्त हुने देखिन्न । यस्ता कक्षामा पढाउने शिक्षकले समेत ”सानो कक्षामा पढाउँदा जाँगरै नआउने’ भन्ने गरेको सुनिन्छ । यसर्थ यस्ता विद्यालयमा शिक्षण गर्नाका निमित्त छुट्टै शिक्षण सिकाइ संगठन उपयोगमा ल्याएको पाइन्छ जसलाई बहुकक्षा शिक्षण भनिन्छ । एकै कक्षा कोठामा एउटै शिक्षकले एकभन्दा बढी कक्षाका विद्यार्थी राखेर पढाउने काम नै बहुकक्षा शिक्षण हो । यसलाई परिस्थितिजन्य बाध्यताको उपजका अर्थमा बुझ्नु उपयुक्त हुन्न । अर्थात यसलाई जसोतसो काम चलाउन वा अरु स्रोतसाधन नहुने रुग्ण विद्यालयले स्रोत  नपाएसम्म उपयोग गर्ने संगठनका रुपमा बुझिनु ठीक हुन्न । बरु यो त खास परिस्थितिका निमित्त  पहिलो रोजाइको शिक्षण सिकाइ संगठन हो, (थपलिया, २०७२ :२१७) ।

दुई वा दुईभन्दा बढी कक्षाका विद्यार्थीहरुलाई एउटै कक्षामा राखेर पढाउनु नै  बहुकक्षा शिक्षण हो त ? धेरै  कक्षाका विद्यार्थीलाई एउटै कक्षाकोठामा राखेर उनीहरुको कक्षागत विषयवस्तु पालैपालो पढाउने प्रक्रिया नै बहुकक्षा बहुस्तर शिक्षण हो त ? होइन । धेरै कक्षाका विद्यार्थीलाई एक ठाउँमा राखेर एकसाथ वा पालैपालो पढाउदैमा बहुकक्षा बहुस्तर शिक्षण नहुने रहेछ । यो त बालमैत्री एवम् विद्यार्थी केन्द्रित शिक्षण विधि हो । यस विधिद्वारा शिक्षण गर्दा विभिन्न उमेर समूहका बालबालिकाको व्यक्तिगत विविधतालाई समेटेर सबैको आवश्यकता, रुची र क्षमताको सम्बोधन हुने गरी शिक्षण सिकाइ गर्ने प्रक्रिया अबलम्बन गरिएको हुन्छ । एकभन्दा बढी कक्षाका भिन्न सिकाइ स्तर भएका विद्यार्थीलाई एउटै  समयमा, एउटै कक्षाकोठामा, एउटै बसाइ व्यवस्थापनमा एक जना शिक्षकबाट उनीहरुको वैयक्तिक क्षमता अनुसार विद्यार्थी स्वयम्ले गरेर सिक्ने अवसर प्रदान गर्ने गरी विकास गरिएको शिक्षण विधि वा पद्धति नै बहुकक्षा-बहुस्तर शिक्षण विधि हो । बहुकक्षा बहुस्तर शिक्षण विधिमा विद्यार्थी स्वयम् प्रत्यक्ष र सक्रिय रुपमा सिकाइ

प्रक्रियामा सहभागी हुने हुनाले सिकाइ सहज हुन्छ । यो विधि क्रमबद्धतामा आधारित सिकाइ विधिको रुपमा पनि चिनिन्छ । यस विधिले विद्‌यार्थीको पूर्व अनुभव, ज्ञान, सीप र क्षमतालाई जोड्दै उनीहरुलाई खोज र अनुसन्धानमा सहभागी हुन प्रेरित गर्छ । यस विधिले विद्‌यार्थीलाई व्यक्तिगत र सामुहिक कार्य जिम्मेवारी पूरा गर्न अभिप्रेरित गर्ने, आफ्नो सिकाइको गती र उपलब्धि प्रति सचेत हुने, सोच्ने, अनुभव गर्ने र कार्यान्वयन शैलीमा परिवर्तन ल्याउने अपेक्षा गरिन्छ । सहकार्य मार्फत हुने सिकाइको लाभ लिने अवसर दिने, फरक तहका विद्‌यार्थीसँग रहँदा सामाजिकीकरणमा सकरात्मक प्रभाव पार्ने, सिकेको कुराको पुनरावलोकन गर्दै अघि बढ्ने अवसर उपलब्ध हुने र अन्ततः सिकाइमा सकरात्मक प्रभाव पर्ने जस्ता यसका लाभहरुलाई हेर्दा दार्शनिक, सामाजिक, साँस्कृतिक र अनुसन्धानात्मक दृष्टिले यस शिक्षण पद्धतिका धेरै बलिया आधार भेटिन्छन् । भय रहित र रमाइलो वातावरणमा सबै विद्‌यार्थीलाई सबै सिकाइ क्रियाकलापमा सहभागी हुने, सूचना लिने र व्यक्त गर्ने समेतको अवसर प्राप्त हुने हुँदा बालअधिकारको सिद्धान्तलाई पनि यसले आत्मसाथ गरेको पाइन्छ । यस विधिमा विद्‌यार्थीको कक्षा र स्तर अनुसारका सिकाइ सामग्री सहितको क्रियाकलापद्‌वारा विद्‌यार्थीलाई स्वयम् गरेर सिक्ने वातावरण सिर्जना गरिने भएकाले पाठ्यपुस्तकमा मात्र भर पर्नु पर्दैन, ( मिश्र २०७२ :२२९) ।


## २.१ अध्ययनको सैद्धान्तिक खाका

George Elton Mayo (1880-1949) र Mary Parker Follet (1868-1933) द्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तले संगठन भित्र हुने विभिन्न व्यवहारलाई जोड दिएको छ । मानव सम्वन्ध भन्नाले मानिसलाई मानिसको जस्तो व्यवहार गर्नुपर्छ । मानिसलाई संगठनको बस्तु वा अन्य कुनै सम्पति जस्तो रुपमा लिनु हुँदैन । यसको आफ्नो बेग्लै प्रकारको मानवीय अस्तित्व छ भनी मान्नुपर्दछ । मानव सम्वन्ध यस अर्थमा पनि व्यापक छ कि यसले एक व्यक्तिको व्यक्तित्व र अर्को व्यक्तिको व्यक्तित्वसंग पारस्परिक सम्बन्ध हुने सबै सामाजिक विज्ञानहरुको अध्ययन गर्न पनि यसले जोड दिन्छ । यदि सबै व्यक्ति मिलेर उद्देश्यहरु पूर्ति गर्नुछ भने एकले अर्कोलाई चिन्नै पर्दछ । यस अनुसार मानव सम्बन्ध त्यस्तो कला हो जो व्यवस्थापकले वुझेर मात्र व्यवहार गनुपर्दछ, जसको अनुभव र प्रयोग इन्कार गर्न सकिँदैन । यसरी बहुकक्षा शिक्षणलाई प्रभावकारी बनाउन तथा बहुकक्षा शिक्षणले

प्रभावकारी नतिजा दिनका लागि प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स, अभिभावकहरु बिचमा मानवीय सम्बन्ध स्थापना गर्न सकिएमा प्रभावकारी हुन सक्दछ भन्ने आधारमा प्रस्तुत शोधपत्रलाई मानव सम्बन्ध सिद्धान्तको सैद्धान्तिक खाकामा रहेर अध्ययन गरिएको छ, ( उदृत, कोइराला र श्रेष्ठ, २०५९) ।

त्यसैगरी मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आवश्यकतामा आधारित सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्त अनुसार मानिस आवश्यकताहरु पुरा गर्न संधै क्रियाशील हुन्छ । उसका थुप्रै इच्छा र चाहनाहरु हुन्छन् । त्यसको परिपूर्ति पश्चात पनि अन्य इच्छा, आवश्यकता र चाहना थप भइरहन्छन् । मानिसका सबै आवश्यकता सधैं पूरा गर्न सम्भव रहन सक्दैन जुन प्राप्ति गर्न मानिस क्रियाशील भइ रहन्छ । मानिसको आफ्नो आवश्यकताको परिपूर्ति पश्चात प्राथमिकता क्रमको आधारमा उच्च स्तरका आवश्यकता तथा चाहनाहरू परिपूर्तिको लागि मानिस उत्प्रेरित हुँदै जान्छ भन्ने धारणा यस सिद्धान्तले उल्लेख गरेको छ । मास्लोले मानिसका आवश्यक- तालाई श्रृखंलाबद्ध रुपमा निम्न अनुसार प्रस्तुत गरेका छन् ।

**मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त**



५. आत्मसन्तुष्टिको आवश्यकता

४. स्वाभिमानको आवश्यकता

३. सामाजिक आवश्यकता

२.सुरक्षात्मक आवश्यकता

१.शारीरिक आवश्यकता

Abraham Maslow (1943) को 'अभिप्रेरणा सम्बन्धी सिद्धान्त' (उदृत, कोइराला र श्रेष्ठ, २०५९), अनुसार शिक्षकको आवश्यकता बुझेर सोही अनुरुप अभिप्रेरित गर्न सकेमा विद्यालयको प्रत्येक कार्यमा स्वतः स्फूर्त उसको सहभागिता वृद्धि हुन जान्छ । यसरी बहुकक्षा शिक्षणलाई प्रभावकारी बनाउनका लागि शिक्षकहरुले विद्यार्थीका आधारभूत

आवश्यकताको प्राथमिकीकरण गर्दै उनीहरुलाई शैक्षिक आत्मसन्तुष्टि प्रदान गर्नु आवश्यक रहने हुँदा मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त प्रस्तुत अध्ययनका लागि प्रभावकारी मानिएको छ । मानिसको आवश्यकताहरुमा शारीरिक, सुरक्षात्मक, सामाजिक, स्वाभिमानको र आत्मवोधको आवश्यकता हुन् भनी उल्लेख गरेका छन् । यसैगरी एउटा विद्यालयमा अध्ययन अध्यापन गर्ने शिक्षक तथा विद्यार्थी बिचमा मानवीय सम्बन्ध कायम हुनुका साथै विद्यार्थीहरुका आधारभूत आवश्यकताहरुको पहिचान गर्न सकेको खण्डमा बहु कक्षा शिक्षणलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न सकिने हुँदा प्रस्तुत शोधपत्रका लागि मास्लोको अभिप्रेरणा सम्बनधी सिद्धान्त तथा जर्ज एल्टन मायोको मानव सम्बन्ध सिद्धान्तलाई आधार मानिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

विद्यालयमा शिक्षकहरु कम भएमा, विद्यार्थी सङ्ख्या कम भएमा, तालिम प्राप्त शिक्षकको अभाव भएका ठाउँमा बहुकक्षा शिक्षण प्रभवाकारी देखिन्छ । प्रस्तुत प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता नामक शीर्षकमा तयार गर्न लागिएको शोधपत्रसँग सम्बन्धित आजभन्दा अगाडि गरिएका अध्ययन अनुसन्धान एवम् बुद्धिजिवीका भनाइहरुलाई साहित्यको पुनरावलोकनको रुपमा समीक्षा गरिएको छ । यसरी अध्ययन गरिएको साहित्यको पुनरावलोकनले अनुसन्धानकर्तालाई आवश्यक शीर्षक चयन गर्न, उद्देश्य निर्धारण गर्न, आवश्यक ठाउँको छनोट गर्नका लागि विशेष सहयोग पुर्‍याएको छ । साथै आवश्यक सिद्धान्तको खाका चयन गरी सोही अनुसार तथ्यांक संकलन गरेर उद्देश्य अनुसार व्याख्या एवम् विश्लेषण गर्नका लागि समेत साहित्यको पुनरावलोकनले थप सहयोग पुर्‍याउने छ । अध्ययन कार्यलाई व्यवहारिक र वस्तुनिष्ठ बनाई आजभन्दा अगाडिका शोध अध्ययनसँग दोहोरिनबाट जोगाई उद्देश्य प्राप्तिका लागि पनि थप सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस अध्ययन अनुसन्धानमा अनुसन्धान कार्यको लागि गुणात्मक तथा परिमाणात्मक गरी मिश्रित ढाँचा अनुसारको शोध विधि प्रयोग गरिएको छ । यस अध्ययनको लागि नमुना छनोट विधि अन्तरगत उद्देश्यपूर्ण नमुना छनोट विधि अपनाइएको छ । यसैगरी यस शोध अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय गरी तथ्याङ्कका दुईवटा स्रोतहरुलाई अवलम्बन गरिएको छ यस अध्ययनको लागि नमुना छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भई तथ्याङ्क सङ्कलन गरेर त्यसको व्याख्या एवम् विश्लेषण समेत गरिएको छ

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अनुसन्धान गुणत्मक तथा परिमाणात्मक गरी मिश्रित विधिमा आधारित भएकोले वर्णनात्मक ढाँचा अन्तरगत उत्तरदातासँग विस्तृत विवरण लिइएको छ । प्राथमिक तहमा बहुकक्षा शिक्षणको व्यवस्था, यसको प्रयोग र औचित्य, सान्दर्भिकता, उपयुक्तता र आवश्यकता आदिको सन्दर्भमा आवश्यक सूचना सम्बन्धित विद्यालयमा रहेको अभिलेखबाट सर्वेक्षण विधि प्रयोग गरी लिइएको छ । त्यसैगरी कक्षा क्रियाकलाप, अवलोकन र बहुकक्षा शिक्षण विधिको अवस्था बुझ्न विद्यार्थी , शिक्षक, वि.व्य.स., प्र.अ.,र स्रोतव्यक्तिसँग अन्तरवार्ता लिएर तथा अवलोकन विधिको प्रयोग गरेर बहुकक्षा शिक्षण पद्धतिको प्रभाववारे जानकारी लिइएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमूना छनोट

अध्ययनकार्यलाई उद्देश्य अनुरुप पूर्णता प्रदान गर्नका लागि यस अध्ययनका लागि गोरखा जिल्लाका घैरुङ,ताङ्लीचोक र मकैसिङ गा.वि.स.मा केन्द्रित गरिएको छ । गोरखा जिल्ला, भगवती हिमालय उच्च माध्यमिक विद्यालय घैरुङ स्रोतकेन्द्र अन्तरगत रहेका जम्मा २० विद्यालय मध्येमा ७ बटा प्राथमिक विद्यालयहरुलाई उद्देश्यात्मक नमूना छनौट विधिबाट छनोट गरिएको छ उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा शिक्षक ११

जनाका दरले ७ जना, विद्यार्थी ५।५ जनाका दरले ३५ जना, प्र.अ. १।१ जनाका दरले ७ जना, वि.व्य.स.का अध्यक्ष १।१ जनाका दरले ७ जना, स्रोतव्यक्ति १ जना गरी जम्मा ५७ जनालाई अध्ययनको जनसङ्ख्याका रुपमा छनोट गरिएको छ । अध्ययनका क्रममा छनोट गरिएको जनसंख्या विवरण निम्नानुसार तालिकाद्वारा प्रस्तुत गरिएको छ :

**तालिका १ तथ्याङ्क संकलनका लागि छनोट गरिएको जनसंख्या विवरण**

| क.स. | विवरण | जम्मा जनसंख्या | छनोट जनसंख्या | छनोट तरिका | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्रोतकेन्द्र | १ | १ | उद्देश्यपूर्ण | |
| २ | विद्यालय | २० | ७ | उद्देश्यपूर्ण | |
| ३ | प्र.अ. | २० | ७ | उद्देश्यपूर्ण | |
| ४ | शिक्षक | ९८ | ७ | उद्देश्यपूर्ण | |
| ५ | वि.व्य.स. अध्यक्ष | २० | ७ | उद्देश्यपूर्ण | |
| ६ | विद्यार्थी | १३६२ | ३५ | उद्देश्यपूर्ण | |
| ७ | स्रोतव्यक्ति | १ | १ | उद्देश्यपूर्ण | |
| जम्मा | | | ४९ | | |

स्रोत: स्थलगत अध्ययन २०७२

**३.३ तथ्याङ्कका स्रोतहरु**

अनुसन्धान कार्यको विषय वा समस्याको बारेमा खोज गर्दा विभिन्न स्रोतहरुलाई आधार मान्नु आवश्यक रहन्छ । यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्बितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अबलम्बन गरिएको छ ।

**क) प्राथमिक स्रोत**

प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता सम्बन्धि यस अध्ययन तथा अनुसन्धानको क्रममा  तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोत अन्तर्गत छनोट गरिएका गोरखा जिल्ला भगवती हिमालय उच्च माध्यमिक विद्यालय घैरुङ स्रोतकेन्द्र भित्रका सातवटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको समूह, ती विद्यालयमा अध्यापन गराइरहेका शिक्षकहरु, प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति सँग अनुसन्धानकर्ता स्वयम् उपस्थित भई समूह छलफल सूची, विद्यालय अवलोकन फाराम र प्रश्नावलीहरुका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ख) द्बितीय स्रोत**

द्बितीय स्रोत अन्तरगत अनुसन्धानसँग सम्बन्धित जि.शि.का.गोरखाको शैक्षिक बुलेटिन, भगवती हिमालय उ.मा.वि.घैरुङको स्रोतकेन्द्र प्रोफायल, सातवटा विद्यालयका अभिलेखहरु, शैक्षिक तालिम केन्द्रका तालिम पुस्तिकाहरु, शिक्षक शिक्षा पुस्तक, शिक्षक स्रोतपुस्तिका , उच्च माध्यमिक तहका पाठयक्रमसँग सम्बन्धित पुस्तकहरु, सेरिड, इमेल, इन्दरनेटबाट प्राप्त सूचनाहरुलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**३.४ तथ्याङ्क सङ्कलनका साधन र विधिहरु**

अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णरुप दिन निम्नानुसारका साधनहरुको निर्माण गरी विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव अनुसार परिमार्जन गरी निम्न अनुसारका अध्ययनका साधनहरु निर्माण गरी प्रयोग गरिएको छ

**क)  विद्यालय अनुगमन फाराम**

छनोटमा परेका सातवटै विद्यालयमा शोधकर्ता उपस्थित भई विद्यालयका शैक्षिक गतिविधि, आर्थिक अवस्था,शिक्षक विवरण, विद्यार्थी विवरण, वि.व्य.स.विवरण, विद्यालय भौतिक विवरण, विद्यालयका अभिलेख, मूल्याङ्कन पद्धति, विद्यार्थी र शिक्षकको हाजिरी,

शिक्षण व्यवस्था सम्बन्धि विषयवस्तुहरुलाई समेटेर विद्यालय अनुगमन फाराम तयार गरी सोही अनुसार तथ्याङ्क सङ्कलन गरिएको छ । यस अनुगमन फारामलाई अनुसूची -१ मा देखाइएको छ ।

**ख) समूह छलफल सूची**

छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर सातवटै विद्यालयका प्रत्येक विद्यालयबाट पाँच जना विद्यार्थीहरुलाई उनीहरुले अध्ययन गर्ने विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्थाका सन्दर्भमा विद्यार्थीहरुको बुझाई , यसको प्रभावकारिता, समस्या र समाधानका उपायहरुका बारेमा अध्ययन गर्न सहयोग पुग्ने १३ वटा प्रश्नहरु निर्माण गरी विद्यार्थीहरुसँग तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीका लागि समूह छलफल सूचीलाई अनुसूची-२ मा देखाइएको छ ।

**ग) प्रश्नावली**

छनोटमा परेका सातवटै विद्यालयका प्राथमिक तहका शिक्षकहरुका लागि बहुकक्षा शिक्षण व्यवस्था, शिक्षक तालिम, बहुकक्षा शिक्षणको प्रयोग, यस शिक्षण व्यवस्थाको बर्तमान अवस्था, यसको प्रभावकारिता, बहुकक्षा शिक्षण व्यवस्थाको प्रभावकारिता, बहुकक्षा शिक्षणका विद्यमान समस्याहरु र समाधानका उपायहरुका सम्बन्धमा प्रश्नावली तयार गरी शिक्षकहरुलाई भरी भराई तथ्याङ्क सङ्कलन गरिएको थियो । यस सम्बन्धि प्रश्नावली फारामलाई अनुसूची-३ मा देखाइएको छ ।

सातवटै विद्रयालयका प्रधानाध्यापकहरुका लागि बहुकक्षा शिक्षणको विद्यालयमा प्रयोग, यस सम्बन्धि तालिमको आवश्यकता, विद्यालयमा यसको प्रभाव, बहुकक्षा शिक्षण अपनाउँदा देखिएका समस्याहरु र समाधानका उपायहरु सम्बन्धमा प्रनावली बनाई सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुलाई प्रश्नावली भर्न लगाइ तथ्याङ्क सङ्कलन गरिएको थियो । यस प्रश्नावली फारामलाई अनुसूची-४ मा देखाइएको छ ।

छनोटमा परेका विद्यालयका वि.व्य.स.अध्यक्षहरुका लागि बहुकक्षा शिक्षण सम्बन्धमा विद्यालयले शिक्षक व्यवस्थापन, कक्षाकोठाको व्यवस्थापन, प्राप्त साधन र स्रोतको परिचालन,बहुकक्षा शिक्षण प्रतिको धारणा, सरोकारवालाहरुको सन्तुष्टि, समाजमा बहुकक्षा शिक्षणको प्रभाव, यसका समस्याहरु र समाधानका उपायहरुलाई समेटेर प्रश्नावली तयार गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । यस सम्बन्धि प्रश्नावलीहरुलाई अनुसूची-५ मा देखाइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रिया

प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता शीर्षकमा अनुसन्धान गर्ने सन्दर्भमा अनुसन्धानको उद्देश्य परिपूर्तिका लागि उद्देश्यपूर्ण नमुना छनोट विधि उपयुक्त हुने हुँदा त्यसै अनुसार नमुना छनोट गरिएको छ । छनोमा परेका विद्यालयमा अवलोकन फारम, समूह छलफल, प्रश्नावली जस्ता तथ्यांक संकलनका साधनको प्रयोग गरी अध्ययनको क्रममा प्राप्त भएका सूचना वा तथ्याङ्कलाई जस्ताको तस्तै प्रयोग नगरी अव्यवहारिक, अष्पष्ट र अनावश्यक तथ्याङ्कलाई प्रशोधन वा छनोट गरी स्पष्ट, पूर्ण र व्यवस्थित बनाउनु अनुसन्धानकर्ताको दायित्व अन्तरगत पर्दछ । अध्ययनका लागि सङ्कलन गरिएका तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरुपको आधारमा तथ्याङ्कहरुलाई गुणात्मक तथा परिमाणात्मक तरिकाले विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्य अनुसार तथ्याङ्कलााई क्रमबद्ध रुपमा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता शिर्षकमा खोज तथा अनुसन्धानका लागि छनोट गरिएका नमुनाबाट सही तथ्याङ्क प्राप्त गर्न तयार पारिएका परीक्षण साधनहरुको प्रयोगबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । खुल्ला प्रश्नावली तथा अवलोकनकर्ता स्वयम्को उपस्थितिमा तथ्याङ्क सङ्कलन गरी प्राप्त तथ्याङ्कहरुलाई व्याख्यात्मक शैलीमा उद्देश्य बमोजिम क्रमशः निम्न शीर्षकहरुमा रहेर व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ बहुकक्षा शिक्षणको वर्तमान अवस्था

अनुसन्धानका क्रममा बहुकक्षा शिक्षणको वर्तमान अवस्था पहिचान गर्ने उद्देश्यका साथ नमुना छनोटमा परेका विद्यालयहरुका विद्यार्थी समुह, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र स्रोतव्यक्तिसँग सम्बन्धित प्रश्नावली फाराम र विद्यालय अवलोकन/सर्वेक्षण फाराम क्रमशः अनुसूची १ ,२ ,३ ,४, ५ र ६ का आधारमा आवश्यक तथ्याङ्क/सूचना लिइएको थियो । उक्त साधनबाट प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक शैलीमा उद्देश्य बमोजिम कमशः निम्न उपशीर्षकहरुमा रहेर व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### क) बहुकक्षा शिक्षण सम्बन्धि अवधारणा/बुझाई :

सिद्धान्ततः एकैजना शिक्षकले एक भन्दा बढी उमेर समुहका वा एकभन्दा बढी कक्षाका विद्यार्थीहरुलाई एकै कक्षामा राखेर पढाइने शिक्षण व्यवस्थालाई बहुकक्षा शिक्षण भनिएतापनि अध्ययन गरिएका विद्यालयमा कार्यरत शिक्षकहरुले शिक्षक अनुपस्थित हुँदाका बखत एकजना शिक्षकले एकै समयमा धेरै कक्षामा गएर पढाउने विधिका रुपमा लिइएको पाइयो । कतिपय शिक्षककहरुले शिक्षकको सङ्ख्या कम हुँदा, शिक्षक विदामा बसेको बेलामा दैनिक शिक्षण सिकाइ क्रियाकलाप जसरी पनि धान्नुपर्ने बोझिलो विधिको रुपमा मात्र लिने गरेको प्रतिक्रिया पाइयो । नियमित रुपमा नभई आवश्यकताका आधारमा समयसापेक्ष रुपमा यस विधिको रुपमा प्रयोग हुने गरेको पाइयो ।

### ख) बहुकक्षा शिक्षण सम्बन्धि तालिम

शैक्षिक तालिम केन्द्र तथा जिल्ला शिक्षा कार्यालय अन्तरगत तालिम हव ( स्रोतकेन्द्र) हरुबाट दिइने तालिमको विषयवस्तुको रुपमा बहुकक्षा शिक्षण विधिलाई समेत समावेश गरिएको भएतापनि भलाईडाँडा प्रा.वि.का एकजना शिक्षक ( प्र.अ.) बाहेक अन्य विद्यालयका शिक्षक र प्र.अ. हरुले बहुकक्षा शिक्षण सम्बन्धि तालिम नलिएको पाइयो । अन्य विषयवस्तुहरुमा तालिम प्राप्त गरेको भएतापनि बहुकक्षा शिक्षण सम्वन्धि तालिम उपलब्ध नभएको अवस्था देखियो । अध्ययन गरिएका सातवटै विद्यालयमा कार्यरत शिक्षकहरुले बहुकक्षा शिक्षण सम्बन्धि तालिमको आवश्यकता महसुस र यस प्रति रुचि प्रकट गरेको पाइयो ।

### ग) कक्षाकोठा व्यवस्थापन

सैद्धान्तिक रुपमा बहुकक्षा शिक्षणका लागि कक्षा र विद्यार्थी अनुपात १:३०, दुई वा दुई भन्दा बढी कक्षाको मिसावट , दैनिक कार्यतालिका (रुटिन) निर्माण, समूह बसाई सुहाउँदो, ठूलो आकारको कक्षाकोठा, संयुक्त शिक्षण, क्षमता समुह निर्माण,सामुहिक सहयोगात्मक सिकाई,शिक्षकको सहजीकरण क्षमता र सीप, अभिलेख व्यवस्थापन, विषयवस्तु प्रति शिक्षकको गतिशीलता र ज्ञान क्षमता जस्ता विषयहरु कक्षाकोठा व्यवस्थापन भित्र पर्दछन् ।

तर अध्ययन गरिएका विद्यालयहरु मध्ये चन्द्रकला प्रा.वि. मा मात्र पर्याप्त कक्षाकोठा भएको, सातवटै विद्यालयमा कक्षा विद्यार्थी अनुपात १:२४ भन्दा कम रहेको, दैनिक कार्यतालिका सबै विद्यालयमा निर्माण भएको देखिएतापनि समुह बसाई, स्वअध्ययन सामग्री, बुक कर्नर, अन्तरक्रियात्मक सिकाइ, शिक्षकको गतिशीलता जस्ता पक्षहरु कमजोर अवस्थामा रहेको पाइयो ।

### घ)विद्यालयको भौगोलिक अवस्थिति

अध्ययनका लागि अवलोकन गरिएका सातवटा विद्यालयहरु मध्ये जनजागृति प्रा.वि. ताङ्लीचोक, भलाईडाँडा प्रा.वि. ताङ्लीचोक, प्रजावस्ती प्रा.वि.मकैसिङ, चन्द्रकला प्रा.वि. घैरुङको भौगोलिक अवस्थिति हेर्दा अन्यत्र विद्यालयको दूरी टाढा रहेको, भीर,पहरा,वनजङ्गल,खोलाका कारण विद्यार्थीहरु अन्य विद्यालयमा गई अध्ययन गर्नका

लागि कठिनाइ हुने अवस्था देखियो । सानो कक्षाका साना विद्याार्थी  धेरै टाढा जान कठिनाई हुने र सामान्यतः आधा घण्टाको दूरीमा विद्यालय हुनुपर्ने प्रावधान भएपनि भौगोलिक विकटता र पातलो बस्तीका काारण एउटा विद्यालय र अर्का विद्यालयको दूरी धेरै टाढा रहेको पाइयो । सातवटै विद्यालयमा शिक्षक दरवन्दी पर्याप्त नभएको र शिक्षकको अभाव भएतापनि भौगोलिक विकटताका कारण शिक्षक सङ्ख्या कम हुँदाहुदै पनि कक्षा४ र ५ सञ्चालन गर्नुपर्ने बाध्यता रहेको अवस्थाले गर्दा बहुकक्षा शिक्षण व्यवस्था अपनाउनुर्पे बाध्यता रहेको प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षहरुको प्रतिक्रिया पाइयो ।

**ङ) शिक्षक विवरण**

नमुना छनोटमा परेका विद्यालयका २०७२ को शिक्षण विवरणलाई तलको तालिकामा देखाइएको छ :

**तालिका २ : नमुना छनोटमा परका विद्यालयहरुको शिक्षक विवरण**

| क्र.स | विद्यालयको नाम | संचालित कक्षा | शिक्षक सङ्ख्या | तालिम प्राप्त | तालिम अप्राप्त | बहुकक्षा शिक्षण तालिम लिने सङ्ख्या | स्थायी | अस्थायी र राहत | निजीस्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनजार्गृति प्रा.वि मकैसिङ | १-५ | ४ | ४ | ० | ० | १ | २ | १ | |
| २ | प्रजा वस्ती प्रा.वि मकैसिङ | १-४ | ४ | २ | २ | ० | ० | २ | २ | |
| ३ | जीवनज्योति प्रा.वि मकैसिङ | १-५ | ४ | ४ | ० | ० | ३ | ० | १ | |
| ४ | भलाईडाँडा प्रा.वि ताङलीचोक | १-४ | ३ | ३ | ० | ० | १ | २ | ० | |
| ५ | जनजार्गृति प्रा.वि ताङलीचोक | १-४ | ३ | २ | १ | ० | १ | १ | १ | |
| ६ | गणेश प्रा.वि घैरुङ | १-५ | ४ | ३ | १ | ० | ० | ३ | १ | |
| ७ | चन्द्रकला प्रा.वि घैरुङ | १-५ | ३ | ३ | ० | ० | १ | २ | ० | |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका २ लाई विश्लेषण गर्दा अनुसन्धानका लागि अध्ययन गरिएका सातवटा विद्यालय मध्ये जनजागृति प्रा.वि. मकैसिङमा कक्षा १-५ सञ्चालन भएको विद्यालयमा शिक्षक स्थायी एकजना, अस्थायी २जना र निजी एकजना गरी जम्मा चारजना शिक्षक कार्यरत रहेको पाइयो । कक्षा सङ्ख्याको तुलनामा शिक्षक सङ्ख्या न्यून नै रहेको

देखिन्छ । यस विद्यालयमा कार्यरत शिक्षक चार जना नै तालिम प्राप्त भएपनि बहुकक्षा शिक्षण सम्बन्धि तालिम कुनैपनि शिक्षकले लिएको पाइएन ।

प्रजावस्ती प्रा.वि. मकैसिङमा कक्षा १-४ सञ्चालित रहेको पाइयो । उक्त विद्यालयमा चार जना शिक्षक मात्रै कार्यरत रहेकोमा दुईजना दरवन्दिमा कार्यरत रहेका र दुईजना निजी स्रोतमा कार्यरत रहेको पाइयो । कक्षा सङ्ख्या र शिक्षक सङ्ख्या बराबर रहेको र त्यसमध्ये दुइजना शिक्षक तालिम प्राप्त र दुई जना शिक्षक तालिम अप्राप्त रहेको पाइयो । चारैजना शिक्षकहरु बहुकक्षा शिक्षण सम्बन्धि तालिम नलिएको पाइयो । जि.शि.का. बाट कक्षा अनुसारको शिक्षक दरवन्दी व्यवस्था गरेको देखिएन ।

जीवनज्योति प्रा.वि.मकैसिङमा कक्षा १-५ सम्म सञ्चालन भएकोमा जम्मा चारजना शिक्षक कार्यरत मध्ये तीनजना स्थायी र एकजना निजी स्रोतमा रहेको पाइयो । ती मध्ये चारैजना शिक्षक तालिम प्राप्त भएकोमा बहुकक्षा शिक्षण सँग सम्बन्धित तालिम कुनै शिक्षकले पनि लिएको पाइएन । भलाईडाँडा प्रा.वि. ताङ्लीचोकमा कक्षा १-४ सन्चालित भएकोमा जम्मा तीन जना शिक्षक कार्यरत रहेका जसमध्ये एकजना स्थायी र तीनजना अस्थायी दरवन्दिमा रहेको पाइयो । कार्यरत शिक्षक मध्ये तीनै जना तालिम प्राप्त रहेकोमा बहुकक्षा शिक्षणको तालिम लिएको एकजना शिक्षक भेटियो ।

जनजागृति प्रा.वि. ताङ्लीचोकमा कक्षा १-४ सम्म सन्चालन भएकोमा जम्मा तीनजना शिक्षक कार्यरत भएको देखिन्छ । जसमध्ये स्थायी एकजना, अस्थायी एकजना र निजी एकजना छन् । तीमध्ये दुईजना तालिम प्राप्त र एकजना तालिम अप्राप्त छन् ।  तीनैजना शिक्षकहरु बहुकक्षा शिक्षण सम्बन्धि तालिम भने नलिएको पाइयो ।

गणेश प्रा.वि. घैरुङ कक्षा १-५ सम्म सन्चालित विद्यालय हो । यस विद्यालयमा जम्मा चारजना शिक्षक कार्यरत रहेको पाइयो । त्यसमध्ये चारजना अस्थायी र एकजना निजी स्रोतमा कार्यरत रहेको पाइयो । तीनजना शिक्षक तालिम प्राप्त र एकजना शिक्षक तालिम अप्राप्त रहेको पाइन्छ । तर कुनैपनि शिक्षकले बहुकक्षा शिक्षण सम्बन्धि तालिम लिएको विवरण पाइएन । चन्द्रकला

प्रा.वि.घैरुङ कक्षा १-५ सम्म सन्चालित विद्यालय हो । यस विद्यालयमा जम्मा तीनजना शिक्षक कार्यरत रहेको पाइयो । तीनजना शिक्षक मध्ये तीनै जना शिक्षक तालिम प्राप्त भएको पाइयो । तीनजना शिक्षक मध्ये एकजना स्थायी र दुईजना अस्थायी दरवन्दीमा कार्यरत भएकोमा तीनैजना शिक्षकले बहुकक्षा शिक्षण सँग सम्बन्धित लामो छोटो तालिम नलिएको पाइयो ।

यसरी सातवटै विद्यालयको शिक्षक विबरणलाई नियाल्दा विद्यालयमा कक्षा सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या न्यून रहेको र बहुकक्षा शिक्षण सँग सम्बन्धित एकजना शिक्षकले बाहेक अन्य शिक्षकले तालिम नलिएको पाइयो ।

**च) विद्यार्थी विवरण**

नमुना छनोटमा परेका विद्यालयको शैक्षिक सत्र २०७२ सालको विद्यार्थी विवरणलाई तलको तालिकामा देखाइएको छ :

**तालिका ३ : नमुना छनोटमा परेका विद्यालयहरुको विद्यार्थी विवरण**

| क.स | विद्यालयको नाम | संचालित कक्षा | जम्मा छात्र | जम्मा छात्रा | कूल सङ्ख्या | अवलोकन गरेको दिनको उपस्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जनजार्गृति प्रा.वि मकैसिङ | १ -५ | ३९ | ३५ | ७४ | ६८ | |
| २ | प्रजा ज्योति प्रा.वि मकैसिङ | १ -४ | ४८ | ४९ | ९७ | ५६ | |
| ३ | जीवनज्योति प्रा.वि मकैसिङ | १ -५ | ३१ | ४१ | ७२ | ५८ | |
| ४ | भलाईडाँडा प्रा.वि ताङलीचोक | १ -४ | ३४ | ३५ | ६९ | ५२ | |
| ५ | जनजार्गृति प्रा.वि ताङलीचोक | १-४ | ३२ | ३७ | ६९ | ५२ | |
| ६ | गणेश प्रा.वि घैरुङ | १-५ | १८ | २२ | ४० | ३४ | |
| ७ | चन्द्रकला प्रा.वि घैरुङ | १-५ | २४ | १९ | ४३ | ४२ | |

स्रोत : विद्यालय अभिलेख २०७२

माथिको तालिका ३ लाई विश्लेषण गर्दा अनुसन्धानका लागि विद्यालयहरुमा विद्यार्थी सङ्ख्या न्यून नै देखिन्छ । जनजनगृति प्रा.वि. मकैसिङमा कक्षा १देखि ५ सम्म जम्मा ७४ जना विद्यार्थी भर्ना भएकोमा अनुगमनका गर्दाको दिन ६८ जना विद्यार्थी उपस्थित भएको देखिन्छ । जसमध्ये छात्रको तुलनामा छात्राहरुको सङ्ख्या अधिक भएको पाइयो ।

प्रजावस्ती प्रा.वि. मकैसिङमा कक्षा १ देखि कक्षा ४ सम्म जम्मा भर्ना भएका विद्यार्थी सङ्ख्या ९७ जना रहेकोमा अनुसन्धान गर्दाका दिन विद्यार्थी सङ्ख्या जम्मा ५६ जना मात्र उपस्थित रहेको पाइयो । यसरी हेर्दा विद्यार्थी नियमितता कम भएको देखियो । छनोटमा परेका विद्यालय मध्ये सबैभन्दा बढी विद्यार्थी सङ्खया भएको र सबै विद्यार्थी पिछडिएको तथा विकासका दृष्टिले पछिपरको समुदायबाट आएको पाइयो ।

जीवनज्योति प्रा.वि. मकैसिङमा कक्षा १ देखि कक्षा ५ सम्म सन्चालन भएको यस विद्यालयमा शैक्षिक सत्र २०७२ मा भर्ना भएका विद्यार्थी सङ्ख्या ७२ जना रहेकोमा अनुगमनका गर्दाका दिन ५८ जना विद्यार्थी उपस्थित भएको पाइयो । जसमध्ये छात्रा सङ्खया छात्रको तुलनामा धेरै भर्ना भएको पाइयो । विद्यार्थीहरुको नियमितताका सन्दर्भमा सोधपुछ गर्दा गाउँमा दलित जनजाति र सिमान्तकृत जातजातिहरुको बसोबास रहेको क्षेत्र भएका कारण कुनै संस्कार, पर्व र उत्सव भएका अवस्थामा विद्यार्थी उपस्थित नहुने गरेको प्रतिक्रिया पाइयो ।

भलाईडाँडा प्रा.वि. कक्षा एक देखि कक्षा चार सम्म सन्चालित यस विद्यालयमा कूल विद्यार्थी भर्ना ६९ रहेकोमा अनुगमनका दिन उपस्थित विद्यार्थी सङ्ख्या ५२ मात्र रहेको पाइयो । भर्ना भएका मध्ये छात्र छात्रा सङ्ख्यामा ठूलो अन्तर देखिएन । विद्यालयको सेवाक्षेत्र भित्र पातलो वस्ती र सिमान्तकृत समुदायको बसोबास रहेकोले विद्यार्थी सङ्ख्या न्यून रहेको पाइयो ।

जनजागृति प्रा.वि. ताङ्लीचोक कक्षा एक देखि कक्षा चार सम्म सन्चालित यस विद्यालयमा जम्मा शैक्षिक सत्र २०७२ मा भर्ना भएका विद्यार्थी सङ्ख्या ६९ जना भएकोमा अनुगमनका दिन जम्मा ५२ जनाको मात्र उपस्थिति देखियो । यस विद्यालयमा पनि छात्र सङ्ख्याको

तुलनामा छात्राहरुको सङ्ख्या बढी रहेको पाइयो । यस विद्यालयमा पनि विद्यार्थीहरु आफ्ना गाउँघरका विभिन्न चाडपर्व, रितीरिवाजहरुमा विद्यालय नआउने गरेको पाइयो ।

गणेश प्रा.वि. घैरुङ कक्षा एक देखि कक्षा पाँच सम्म सन्चालित भएको विद्यालय हो । यस विद्यालयमा शैक्षिक सत्र २०७२ मा जम्मा ४० जना विद्यार्थी भर्ना भएकोमा अनुगमनका गर्दाका दिनमा ३४ जना विद्यार्थी उपस्थित भएको पाइयो । यस विद्यालयमा पनि छात्रको तुलनामा छात्राहरुको भर्ना बढी भएको देखियो । जनजातिहरुको बस्ती भएको यस विद्यालय सेवा क्षेत्रमा पातलो बस्तीका कारण विद्याथीी सङ्ख्या न्यून भएको पाइयो ।

चन्दकला प्रा.वि. घैरुङमा कक्षा एक देखि पाँच सम्म सन्चालनमा रहेको विद्यालय हो । यस विद्यालयमा यस शैक्षिक सत्रमा जम्मा ४३ जना विद्यार्थी मात्र भर्ना भएको पाइयो । जसमध्ये छात्रा सङ्ख्याको तुलनामा छात्रहरुको सङ्ख्या धेरै रहेको पाइयो । ४३ जना विद्यार्थी मध्ये ४२ जना विद्यार्थीको उपस्थिति रहेको देखिएकोले यस विद्यालयमा विद्यार्थी नियमितता अन्यत्र भन्दा अधिक रहेको पाइयो ।

यसरी सातवटै विद्यालयको विद्यार्थी विवरणलाई केलाउँदा जनजागृति प्रा.वि. मकैसिङ र चन्द्रकला प्रा.वि. घैरुङमा छात्राहरुको तुलनामा छात्रहरुको भर्ना सङ्ख्या बढी देखियो भने अन्य पाँचवटा विद्यालयमा भने छात्राहरुको सङ्ख्या नै बढी भएको पाइयो । अनुगमनका क्रममा विद्यार्थीहरुको नियमिततालाई हेर्दा चन्दकला प्रा.वि.घैरुङमा सबैभन्दा बढी विद्यार्थी नियमितता पाइयो भने प्रजावस्ती प्रा.वि् मकैसिङमा सबभन्दा कम विद्यार्थी नियमितता पाइयो । सातवटै विद्यालयमा शिक्षा नियमावलीले तोकेको सङ्ख्यामा विद्यार्थी नभएको र जि.शि.का. बाट कुनै पनि विद्यालयमा पर्याप्त दरवन्दिको व्यवस्था नगरिएको पाइयो । विद्यार्थी नियमितता पनि कम भएको पाइयो ।

**च) विद्यालयको भौतिक अवस्था**

छनोटमा परेका विद्यालयको भौतिक अवस्थालाई तलको तालिकामा देखाइएको छ :

तालिका ४ : नमुना छनोटमा परेका विद्यालयहरुको भौतिक अवस्था

| क.स | विद्यालयको नाम | भवन सङ्ख्या | कोठा सङ्ख्या | खाने पानी | शौचालय | पुस्तकालय | खेल मैदान | डेस्क बेन्च सेट सङ्ख्या | काल्पो/ सेतो पाटी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनजार्गृति प्रा.वि मकैसिङ | १ | ६ | छ | छ | छैन | छैन | ३३ | ६ |
| २ | प्रजा ज्योति प्रा.वि मकैसिङ | २ | ५ | छैन | छैन | छैन | छ | २० | ५ |
| ३ | जीवनज्योति प्रा.वि मकैसिङ | २ | ५ | छैन | छ | छैन | छ | २० | ५ |
| ४ | भलाईडाँडा प्रा.वि ताङलीचोक | १ | ५ | छ | छ | छैन | छैन | २१ | ६ |
| ५ | जनजार्गृति प्रा.वि ताङलीचोक | २ | ५ | छ | छैन | छैन | छैन | ३८ | ४ |
| ६ | गणेश प्रा.वि घैरुङ | ३ | ६ | छ | छ | छैन | छ | ३५ | ५ |
| ७ | चन्द्रकला प्रा.वि घैरुङ | २ | ९ | छ | छ | छैन | छ | २२ | ५ |

स्रोत : विद्यालय अभिलेख २०७२

माथिको तालिका ४ लाई विश्लेषण गर्दा छनोटमा परेका ७ वटा विद्यालयहरु मध्ये जनजागृति प्रा.वि. मकैसिङमा एउटा भवन र छ वटा कक्षाकोठाहरु रहेको पाइयो । कक्षा ५ सम्म सञ्चालित यस विद्यालयमा बालविकास केन्द्र समेत रहेको अवस्थामा ६ बटा कक्षाकोठाहरु सबै विद्यार्थीका लागि आवश्यक देखिन्छ । अफिस कोठा, पुस्तकालय कोठाको अभाव

देखिन्छ । यस विद्यालयमा डेस्कबेन्च, कालोपाटी/सेतोपाटी र खानेपानी र शौचालय पर्याप्त देखिएतापनि खेलमैदान र कक्षाकोठाको पर्याप्तता भएको पाइएन । कक्षाकोठाहरुको आकार पनि सानो भएकाले दुईवटा कक्षाका विद्यार्थीहरु एउटै कक्षामा राखेर शिक्षण गर्न

नसकिने पाइयो । यसका साथै गत बैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पबाट क्षति भई अस्थायी सिकाइ केन्दको रुपमा स्थापना गरी कक्षा सञ्चालनको व्यवस्था मात्र गरिएको अवस्था पाइयो ।

प्रजावस्ती प्रा.वि.मकैसिङमा बालविकास केन्द्र सहित कक्षा १-४ सञ्चालित यस विद्यालयमा ५ वटा कक्षाकोठाहरु मात्र भएको, खानेपानी, शौचालय, खेलमैदान,पुस्तकालयको व्यवस्था नभएपनि खेलमैदान, डेस्कबेन्च र कालो/सेतोपाटीको व्यवस्था भएको पाइयो । ५ कोठाको भवन भएपनि कच्ची भवन,अपुग कक्षाकोठा र खेलमैदान धुलैधुलो भएको र खानेपानीको जटिल समस्या रहेको पाइयो । कक्षाकोठा भएपनि सानो आकारका कारण व्यवस्थित किसिमबाट शिक्षण सिकाइका लागि उपयुक्त नरहेको पाइयो ।

जीवनज्योति प्रा.वि. मकैसिङमा विद्यालय भवन दुईवटा र कक्षाकोठा पाँचवटा रहेको यस विद्यालयमा कक्षा १-५ सम्म सञ्चालित छ । वालविकास केन्द्र नभएपनि कक्षाकोठा अपुग नै देखिन्छ । खानेपानी र पुस्तकालय नभएपनि शौचालय , खेलमैदान, डेस्कबेन्च र कालोपाटी/सेतोपाटीको व्यवस्था भएको देखिन्छ । यस विद्यालयमा पनि पर्याप्त भौतिक सुविधाको अभावका कारण शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन नसकिएको देखिन्छ ।

भलाईडाँडा प्रा.वि. ताङ्लीचोकमा बालविकास केन्द्र सहित कक्षा १-४ सम्म सञ्चालित छ । पूरै चेपाङ बस्ती र विकट ठाउँमा रहेको यस विद्यालयमा जम्मा पाँचवटा कक्षाकोठा रहेकोमा कक्षाकोठाहरु सानो आकारका, पुस्तकालय र खेलमैदानको अभाव रहेको पाइयो । यस विद्यालयमा खानेपानी, शौचालय, डेस्कबेन्च र कालोपाटी/सेतोपाटीको व्यवस्था कोठा सङ्ख्याको आधारमा पर्याप्त नै देखियो । अन्य विद्यालयका लागि आवश्यक पूर्वाधारहरुको अभाव नै रहेको पाइयो । जनजागृति प्रा.वि. ताङ्लीचोकमा विद्यालय भवन दुईवटा कक्षाकोठा सातवटा रहेको यस विद्यालयमा वालविकास केन्द्र सहित कक्षा १-४ सम्म सञ्चालन भएको पाईयो । यस विद्यालयमा खानेपानीको व्यवस्था,डेस्कबेन्च, कालो/सेतोपाटी र कक्षाकोठाको आवश्यक व्यवस्था भएपनि पुस्तकालय, शौचालय र खेलमैदानको अभाव भएको

पाइयो । यस विद्यालयमा पनि कक्षाकोठाको आकार सानो र अन्य विद्यालयका लागि आवश्यक पूर्वाधारको अभाव नै रहेको र सबै विद्यालयहरुलाई भूकम्मले क्षति बनाएका कारण सेतोपाटी र वालविकासका लागि आवश्यक सामग्रीको व्यवस्था गरेको पाइयो ।
गणेश प्रा.वि.घैरुङमा वालविकास केन्द्र सहित कक्षा १-५ सम्म सञ्चालनमा रहेको पाइयो । विद्यालय भवन कच्ची पक्की सहित ३ वटा र कक्षाकोठा ६ वटा रहेकोमा वालविकास केन्द्र समेत सञ्चालन गर्नुपर्दा अफिस कोठा, पुस्तकालयका लागि अभाव नै हुने देखिन्छ । यस विद्यालयमा खानेपाानी, शौचालय, खेलमैदान, डेस्कबेन्च र कालो/सेतोपाटीको आवश्यक व्यवस्था भएको पाइन्छ । अफिसकोठा, पुस्तकालयका लागि आवश्यक सामग्रीहरुको अभावका साथै घेरावार नगरिएको पाइयो । चन्द्रकला प्रा.वि.घैरुङ बालविकास केन्द्र सहित कक्षा १-५ सम्म सञ्चालनमा रहेको पाइन्छ । विद्यालय भवन दुईवटा र कोठा सङ्ख्या ९ वटा रहेको यस विद्यालयमा खानेपानी, शौचालय र खेलकुद मैदान, डेस्कबेन्च र कालो/सेतोपाछटीको व्यवस्था भएपनि घेरावार, पूस्तकालय र कार्यालय कोठाका लागि आवश्यक सामग्रीको व्यवस्थापन नभएको पाइयो ।

यसरी सातवटै विद्यालयको भौतिक अवस्थाको स्थलगत अवलोकन गर्दा बहुकक्षा शिक्षणका लागि कक्षाकोठा र अन्य माथि उल्लेखित पूर्वाधारहरुको व्यवस्थापन हुन नसकेको देखिन्छ ।

### छ) विद्यार्थी मूल्याङ्कन

नेपाल सरकारले प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति लागू गरेपनि अध्ययन गरिएका ७ वटै विद्यालयमा आंशिक रुपमा मात्र उक्त पद्धति कार्यान्वयनमा रहेको देखियो । विद्यार्थी मूल्याङ्कनका लागि गृहकार्य नियमित दिने गरेको मात्र पाइयो भने घटनावृत अभिलेख,रुजुसूची, जोडी मूल्याङ्कन, प्रगति अवस्थाको लेखाजोखा जस्ता मूल्याङ्कन साधनको प्रयोग नहुने गरेको देखियो । विद्यार्थी विविधताका कारण मूल्याङ्कनमा कठिनाइ हुने गरेको अधिकांश शिक्षकहरुको प्रतिक्रिया पाइयो ।

### ज) शैक्षिक अवस्था

७ बटै विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएतापनि अद्यावधिक नभएको, वार्षिक कार्यतालिका,वार्षिक शैक्षणिक योजना, शिक्षण सुधार योजना, दैनिक पाठयोजना निर्माण र

प्रयोग नभएतापनि पाठ्यक्रमको प्रयोग, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीहरुको आंशिक प्रयोग दैनिक कार्यतालिका निर्माण, अतिरिक्त क्रियाकलाप सञ्चालन, खेलविधिको प्रयोग, विद्यार्थी केन्द्रित विधिमा जोड दिने गरेको पाइयो ।

जर्ज एल्टन मायो र मेरी पार्कर फलेटको मानव व्यवस्थापन सिद्धान्त तथा अब्रहम मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा बहुकक्षा शिक्षणको वर्तमान अवस्था पहिचान गर्नका लागि गरिएको अध्ययन बाट प्राप्त तथ्य अनुसार बहुकक्षा शिक्षणमा बालबालिकाका इच्छा र चाहनाहरु पूर्णरुपले कदर हुन सकेका, तालिम प्राप्त शिक्षकहरुबाट अध्यापन भएका विद्यालयमा शिक्षण कार्यकलाप प्रभावकारी हुनुका साथै शैक्षिक उपलब्धिमा वृद्धि भएको तथ्य प्राप्त भएको छ भने कम योग्यता र तालिम अप्राप्त शिक्षक बाट अध्यापन भएका विद्यालयमा विद्यार्थीका आन्तरिक चाहना र मानवीय भावनालाई आत्मसाथ नगरी अध्यापन कार्य गर्दा शैक्षिक उपलब्धि तथा शैक्षिक व्यवस्थापन कार्य प्रभावकारी हुन नसकेको पाइयो । त्यसैगरी विद्यार्थीका आधारभूत आवश्यकताहरु जसअनुसार माथिल्लो तहमा अध्ययन गरेको भए पनि तल्लो तहको जग कमजोर भएका बालबीलकाहरुलाई सर्बप्रथम उनीहरुको अधार शिक्षालाई बलियो बनाएर अभ्यास गराउन सक्षम विद्यालयमा शिक्षणकार्यको वर्तमान अवस्था प्रभावकारी भएको तथ्य समेत अध्ययनबाट जानकारी प्राप्त भएको छ ।

## ४.२ बहुकक्षा शिक्षणको प्रभावकारिता

प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता  र यसको लेखाजोखा सम्बन्धि अध्ययनका लागि छनोट गरिएका विद्यालयहरुको शैक्षिक, भौतिक र व्यवस्थापकीय तथा आन्तरिक सक्षमताको अवस्था पहिचान गर्न अनुसन्धानकर्ता स्वयम्को प्रत्यक्ष स्थलगत अवलोकन र सो सम्बन्धि फाराम तथा अनुसूची ६ग र ६ घ का आधारमा आवश्यक सूचना/तथ्याङ्क लिइएको थियो । उक्त साधनबाट प्राप्त सूचना/तथ्याङ्कलाई व्याख्यात्मक शैलीमा उद्देश्य बमोजिम कमशः निम्न शीर्षकहरुमा रहेर व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### क) आन्तरिक सक्षमताको अवस्था

छनोमा परेका विद्यालयको आन्तरिक सक्षमताको अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका ५ : नमुना छनोटमा परेका विद्यालयहरुको आन्तरिक सक्षमताको स्थिति**

| क.स | विद्यालयको नाम | औसत सिकाइ उपलब्धी | उर्तिण दर | कक्षा दोहोर्‍याउने दर | कक्षा छोड्ने दर | टिकाउ दर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जनजार्गृति प्रा.वि मकैसिङ | ६८ | ६६ | २७ | ७ | ७० | |
| २ | प्रजा वस्ति प्रा.वि मकैसिङ | ६१ | ५७ | ४० | ३ | ९६ | |
| ३ | जीवनज्योति प्रा.वि मकैसिङ | ५६ | ८० | २० | ० | ७७ | |
| ४ | भलाईडाँडा प्रा.वि ताङलीचोक | ४३ | ६८ | ३० | २ | ९७ | |
| ५ | जनजार्गृति प्रा.वि ताङलीचोक | ६९ | ६८ | २८ | ४ | ९३ | |
| ६ | गणेश प्रा.वि घैरुङ | ६८ | ८२ | १३ | ५ | ९८ | |
| ७ | चन्द्रकला प्रा.वि घैरुङ | ६९ | ७३ | १७ | १० | ९० | |

स्रोत : विद्यालय अभिलेख २०७२

माथिको तालिका ५ लाई विश्लेषण गर्दा छनोमा परेका ७ वटा विद्यालयहरु मध्ये जनजागृति प्रा.वि. मकैसिङमा औसत सिकाइ उपलब्धि ६८ रहेकोमा उत्तीर्ण दर ६६, कक्षा दोहोर्‍याउने दर २७, कक्षा छाड्ने दर ७ र टिकाउ दर ७० रहेको तथ्याङ्कबाट देखिन्छ । विद्यालयमा औसत सिकाइ उपलब्धि,उत्तीर्ण दर सन्तोषजनक देखिएपनि कक्षा छाड्ने दर र कक्षा छाड्ने दर उच्च रहेको देखिन्छ ।

प्रजावस्ती प्रा.वि.मा औसत सिकाइ उपलब्धि, उत्तीर्ण दर र टिकाउ दर सन्तोषजनक देखिएपनि कक्षा दोहोर्‍याउने दर उच्च रहेको पाइयो भने कक्षा छाड्ने दर पनि शून्य नभएको पाइयो ।

जीवनज्योति प्रा.वि.मकैसिङको आन्तरिक सक्षमताको अवस्था हेर्दा औसत सिकाइ उपलब्धि, उत्तीर्ण दर र टिकाउ दर सन्तोषजनक रहेपनि कक्षा दोहोर्‍याउने दर उच्च रहेको देखिन्छ भने कक्षा छाड्ने दर शून्य रहेको पाइयो ।

भलाईडाँडा प्रा.वि. ताङ्लीचोकमा औसत सिकाइ उपलब्धि अङ्क न्यून, कक्षा दोहोर्याउने दर उच्च रहेको, टिकाउ दर उच्च रहेको र कक्षा छाड्ने दर पनि कम भएको देखियो ।

जनजागृति प्रा.वि.ताङ्लीचोकमा सिकाइ उपलब्धि,उत्तीर्ण दर, टिकाउ दर उच्च भएपनि कक्षा दोहोर्याउने दर पनि उच्च रहेको पाइयो । यस विद्यालयमा कक्षा छाड्ने दर पनि शून्य नरहेको पाइयो । गणेश प्रा.वि. घैरुङमा औसत सिकाइ उपलब्धि अङ्क, विद्यार्थी उत्तीर्ण दर, विद्यार्थी टिकाउ दर राम्रो रहेपनि कक्षा छाड्ने दर र कक्षा दोहोर्याउने दर पनि सन्तोषजनक रहेको पाइएन । चन्द्रकला प्रा.वि.घैरुङमा विद्यार्थीको सिकाइ उपलब्धि अङ्क, उत्तीर्ण दर र टिकाउ दर राम्रो रहेपनि कक्षा दोहोर्याउने दर र कक्षा छाड्ने दर अन्य विद्यालयको तुलनामा राम्रो रहेको पाइएन ।

**ख) शैक्षिक अवस्था**

छनोटमा परेका विद्यालयको शैक्षिक सत्र २०७१ को शैक्षिक अवस्थालाई तलको तालिकामा देखाइएको छ :

**तालिका ६ : नमुना छनोटमा परेका विद्यालयहरुको शैक्षिक अवस्था**

| क.स | विद्यालयको नाम | पाठ्यक्रमको उपलब्धता | शिक्षक निर्देशिकाको उपलब्धता | बार्षिक कार्य तालिका | बार्षिक कार्य योजना | दैनिक साप्ताहिक कार्य तालिका | पाठ योजना | जम्मा पढाइ भएको दिन | विद्यार्थीको औसत हाजिरी दिन |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनजार्गृति प्रा.वि मकैसिङ | छ | छ | छ | छैन | छ | छैन | १९४ | १७२ |
| २ | प्रजा ज्योति प्रा.वि मकैसिङ | छ | छ | छ | छैन | छ | छैन | १९८ | १७० |
| ३ | जीवनज्योति प्रा.वि मकैसिङ | छ | छ | छ | छ | छ | छ | १९६ | १७७ |
| ४ | भलाईडाँडा प्रा.वि ताङलीचोक | छ | छैन | छ | छैन | छ | छैन | १९७ | १८६ |
| ५ | जनजार्गृति प्रा.वि ताङलीचोक | छ | छ | छ | छैन | छ | छैन | १९२ | १६९ |
| ६ | गणेश प्रा.वि घैरुङ | छ | छ | छ | छैन | छ | छ | १९४ | १७८ |
| ७ | चन्द्रकला प्रा.वि घैरुङ | छ | छ | छ | छ | छ | छ | १९८ | १७१ |

स्रोत : विद्यालय अभिलेख २०७२

माथिको तालिका ६ लाई विश्लेषण गर्दा छनोटमा परेका विद्यालयहरुमा पाठ्यक्रमको उपलब्धता र प्रयोग एवम् शिक्षक निर्देशिकाको प्रयोगको स्थिति हेर्दा भलाईडाँडा प्रा.वि.मा शिक्षक निर्देशिका उपलब्ध नभएको र अरु विद्यालयमा उपलब्ध रहेको पाइयो । त्यस्तै सबै विद्यालयहरुले वार्षिक कार्यतालिका र साप्ताहिक कार्यतालिका निर्माण भएतापनि बार्षिक कार्ययोजना र दैनिक पाठयोजना निर्माणमा चासो नदिने गरेको पाइयो ।

शिक्षा नियमावली अनुसार विद्यालयहरुमा पढाइ हुने दिन १९२ दिन उल्लेख भएको परिप्रेक्षमा सबै विद्यालयहरुमा सो भन्दा बढी दिन पढाइ हुने गरेको देखियो । त्यसैगरी भलाईडाँडा प्रा.वि. मा बाहेक अन्य विद्यालयको विद्यार्थीको औसत हाजिरी दिन न्यून देखिएकोले दिवा खाजाको प्रबन्ध गर्न सक्दा विद्यार्थी नियमितता बढ्ने कुराको पुष्टि भलाईडाँडा प्रा.वि.को विद्यार्थी हाजिरीले समेत गरेको देखिन्छ । विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा समस्या देखिएको भएतापनि शिक्षणमा लचिलोपनको स्तर,समय व्यवस्थापनको स्थिति,मध्यम विद्यार्थी विविधताको व्यवस्थापन तथा शैक्षिक सामग्री प्रयोगको अवस्था न्यून देखिनुले शिक्षकहरुमा थप तालिमको गर्नुपर्ने अवस्था पाइयो ।

**ग) विद्यार्थीहरुमा परेको प्रभाव**

घैरुङ स्रोतकेन्द्रका ७ बटा विद्यालयमा विद्यार्थीसँग गरिएको समुह छलफल सूचीका आधारमा बहुकक्षा शिक्षण व्यवस्था सम्बन्धमा उनीहरुमा जानकारी न्यून रहेको पाइयो । प्रजावस्ती प्रा.वि. र भलाईडाँडा प्रा.वि.मा कक्षा मनिटरको व्यवस्था गरिएको र शिक्षक कक्षामा अनुपस्थित हुँदा कक्षा मनिटरले कक्षालाई नियन्त्रण गर्ने गरेको पाइयो । कक्षामा जान्ने विद्यार्थीलाई कक्षा मनिटर छान्ने व्यवस्थाले खाली पिरियडमा पनि विद्यार्थी कक्षामा नै बसी अध्ययन गर्ने गरेको र नजानेको विषयलाई कक्षा मनिटरले सिकाइदिने गरेको पाइयो । शिक्षकहरु कक्षामा आउँदा पर्याप्त शैक्षिक सामग्री लिएर नआउने र एकै पिरियडमा अन्यत्र खाली कक्षामा समेत शिक्षण गर्न जाने गरेकोले शिक्षण सिकाइमा असर परेको प्रतिक्रिया पाइयो । वालविकास केन्द्र र कक्षा १ का विद्यार्थी एउटै कक्षाकोठामा राखी पढाउने गरिएकोले वालविकास र कक्षा १ को शिक्षण सिकाइ प्रक्रिया र विधि नै फरक भएको र

शिक्षक अभावका कारण बालविकास सहयोगी कार्यकर्ताले नै कक्षा सञ्चालन गरिएको सन्दर्भमा कम योग्यता र तालिम अप्राप्त शिक्षकले शिक्षण गर्दा सिकाइ उपलब्धि कम र विद्यार्थीको जग बलियो हुन नसकेको पाइयो ।

**घ) शिक्षकमा परेको प्रभाव**

अध्ययनका लागि अनुगमन गरिएका विद्यालयमा बहुकक्षा शिक्षणका लागि शिक्षक सङ्ख्या कम रहेको, निजी श्रोतमा शिक्षक नियुक्ति गरिएको, शिक्षकहरु तालिम प्राप्त नभएको, प्र.अ. र स्थायी शिक्षकहरु जि.शि.का. र स्रोतकेन्द्र मार्फत अन्य तालिमहरुमा जाने गरेको कारणबाट उनीहरुले शिक्षण गर्ने कक्षा खाली हुने परिस्थितिमा उपलब्ध शिक्षकहरुले नै सबै कक्षा सन्चालन गर्नुपर्दा बोझिलो भएको प्रतिक्रिया पाइयो । शिक्षकहरुले बहुकक्षा शिक्षण सम्बन्धि तालिमको अभाव र तैयारी शैक्षिक सामग्री बाहेक आफै निर्माण गर्ने नगरिएको र एउटै पिरियडमा शिक्षक अभावका कारण धेरै कक्षामा दौडिनु पर्ने अवस्थाका कारण शिक्षणमा धेरै खट्नुपर्ने र थप सुविधाको व्यवस्था समेत नभएकोले शिक्षहरु बाध्यात्मक अवस्थामा रहेको  प्रतिक्रिया पाइयो ।

**ङ) प्रधानाध्यापकमा परेको प्रभाव**

विद्यालयमा शिक्षक सङ्ख्या न्यून रहेको, विद्यालयका विभिन्न आर्थिक, शैक्षिक, प्रशासनिक कामहरुका लागि जि.शि.का.,स्रोतकेन्द्र र अन्य सरकारी तथा गैरसरकारी निकायहरुमा जानुपर्ने हुँदा विद्यालयमा कक्षा सञ्चालनमा बाधा पुग्ने गरेको पाइयो । विद्यालयको भौगोलिक अवस्थितिका कारण माथिल्लो कक्षा सम्मको अनुमति लिई कक्षा सञ्चालन गनुपर्ने बाध्यात्मक परिस्थिति र आर्थिक अभावका कारण कम साधन स्रोतको भरमा कक्षा सञ्चालन भैरहेको, शिक्षक दरवन्दी पर्याप्त नभइ निजी स्रोतमा शिक्षक राख्नुपर्ने, वि.व्य.स. र अभिभावकबाट चेतनाको अभावका कारण  पर्याप्त सहयोग नपाइने परिस्थितिका कारण बहुकक्षा शिक्षणका माध्यमबाट कक्षा सन्चालन गर्नुपर्ने अवस्था भएको प्रतिक्रिया पाइयो ।

**च) अभिभावक र वि.व्य.स.मा परेको प्रभाव**

विद्यालयहरुको कमजोर आर्थिक, शैक्षिक र भौतिक अवस्थाका कारण वि.व्य.स.ले विद्यालयका समस्यालाई प्राथमिकिकरण गरेर एक पछि अर्को सुधार गर्दै जानुपर्ने अवस्था

भएपनि वि.व्य.स.का पदाधिकारीहरु विद्यालयको समग्र विकासमा क्रियाशील नभएको, अभिभावकहरुमा चेतनाको अभावका कारण आफ्ना छोराछोरीलाई विद्यालयमा नियमित नपठाउने र वि.व्य.स.ले विद्यालयको काममा बोलाउँदा समेत उपस्थित नहुने, समिति गठन गरेपछि समितिले नै सबै काम गर्नुपर्छ भन्ने सोचाइले गर्दा विद्यालयका समस्याहरु क्रमशः थपिदै जाने गरेको र भूकम्पका कारण अवस्था अझ जटिल बनेकोले प्रतिक्रिया पाइयो । शिक्षक दरवन्दि न्यून, दरवन्दी थप नहुने अवस्था, निजी स्रोतमा शिक्षक नियुक्ति गर्नुपर्ने बाध्यता, भौगोलिक विकटताका कारण विद्यालय अपग्रेड गर्नुपर्ने विवसता र शिक्षक, अभिभावक संघ, वि.व्य.स.का पदाधिकारीहरुलाई बहुकक्षा शिक्षण सम्बन्धि आवश्यक तालिमको अभावका कारण सकरात्मक प्रभाव नपरेको पाइयो ।

यसरी जर्ज एल्टन मायो र मेरी पार्कर फलेटको मानव व्यवस्थापन सिद्धान्त तथा अब्राहम मास्लोको अभिप्रेरणालाई आधार मानेर अध्यन गरिएको प्रस्तुत शोधपत्रमा विद्यार्थीका आधारभूति आवश्यकताहरुको पहिचान गर्नुका साथै उपयुक्त र मानवीय ढङ्गबाट बहुकक्षा शिक्षा सञ्चालन भएका विद्यालयमा विद्यार्थीहरु पनि शिक्षाप्रति सन्तुष्ट रहेको, आफूहरुले माथिल्लो शिक्षा आर्जन गर्न पाउने अवसर पाएको भन्ने जस्ताउत्तर प्राप्त भएका थिए भने विद्यार्थीहरुको इच्छा तथा आवश्यकतालाई पहिचान हुन नसकि सञ्चालनमा आएका विद्यालयमा बहुकक्षा शिक्षण उल्टै बोझका रुपमा रहेको तथ्य समेत प्राप्त हुन आएको हुँदा विद्यार्थीका इच्छा, आवश्यकताहरुको पहिचान गरी मानवीय ढङ्गबाट बहुकक्षा सञ्चालन भएका विद्यालयमा यसको प्रभाव पनि सकरात्मक परेको पाइयो ।

## ४.३ बहुकक्षा शिक्षणमा आइपरेका समस्याहरु

बहुकक्षा शिक्षणमा देखापरेका समस्याहरु के के हुन् ? भनी विद्यार्थी, शिक्षक, प्र.अ.,वि.व्य.स.अध्यक्ष र स्रोतव्यक्तिलाई लिखित प्रश्नावली तथा मौखिक अन्तरवार्ता समेतको माध्यमबाट जिज्ञासा राख्दा प्राप्त प्रमुख समस्याहरुलाई अनुसूची-७ देखाइएको छ । अनुसूची-७ को तालिकालाई अध्ययन गर्दा प्राथमिक तहमा बहुकक्षा शिक्षणमा आइपरेका समस्याहरु सहज पहिचान गर्न सकिन्छ । यहाँ यी समस्याहरुको निम्न बुँदाहरुमा रही विश्लेषण गरिएको छ ।

**क) शिक्षक तालिमको अभाव**

बहुकक्षा शिक्षण सँग सम्बन्धित तालिमको अभावका कारण बहुकक्षा शिक्षण व्यवस्थालाई प्रभावकारी रुपमा अगाडि बढाउन नसकिएको सम्बद्ध शिक्षकहरु सबैको अभिमत पाइयो । तालिमका अभावका कारण बहुकक्षा शिक्षणको मर्म बमोजिम विद्यालयहरुमा कार्यान्वयनमा आउन नसकेको अवलोकनबाट पुष्टि भयो । शिक्षकहरुको दरवन्दी पर्याप्त नहुनु, कम सेवा सुविधा दिएर निजी स्रोतमा शिक्षक राख्नुपर्ने अवस्था सृजना हुनु, उनीहरुको योग्यता कम हुनु, तालिमको अभाव र पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था नहुनु, कक्षाकोठा उपयुक्त साइजको नहुनु जस्ता कारणहरु र बहुकक्षा सम्बन्धि आधारभूत तालिमको अभावका कारणहरुले गर्दा बहुकक्षा शिक्षण पद्धतिलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याउन नसकिएको जस्ता समस्याहरु रहेको पाइयो ।

**ख) विद्यालयको भौतिक पूर्वाधार र स्रोतसाधनको सिमितता**

बहुकक्षा शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन उपयुक्त भौतिक पूर्वाधारको व्यवस्था सातवटै अवलोकित विद्यालयमा पाउन सकिएन । गत २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पका कारण विद्यालयका भौतिक पूर्वाधारहरु ध्वस्त भएका र अस्थायी सिकाइ केन्द्र बनाइ विद्यालयहरु सञ्चालन भएको पाइयो । स्रोतसाधनको अभावमा बहुकक्षा शिक्षणलाई यसको सैद्धान्तिक मान्यता बमोजिम कार्यान्वयन गर्न नसकिएको ७ वटै विद्यालयका शिक्षक, प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षहरुको प्रतिक्रिया पाइयो ।

**ग) शिक्षक व्यवस्थापन**

७ वटै विद्यालयमा कक्षा सङ्ख्याको तुलनामा दरवन्दी कम भएको, निजी श्रोतमा शिक्षक राखी शिक्षकको व्यवस्थापन गरिएको, शिक्षक विदामा रहँदा कक्षा सञ्चालन गर्न कठिनाई भएको, स्रोतको अभावमा थप शिक्षक व्यवस्थापन गर्न समस्या रहेको पाइयो । शिक्षा नियमावली २०५९( संशोधन सहित ) मा न्यूनतम शिक्षक दरवन्दी मात्र ब्यवस्था गरिएको र समुदायले शिक्षकको अभावमा पनि विद्यार्थीले शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न थप कक्षा अनुमति माग गर्ने तर शिक्षक व्यवस्थापन गर्न नसक्ने अवस्थाले गर्दा शिक्षक

व्यवस्थापनमा समस्या रहेको प्रतिक्रिया सबै विद्यालयका वि.व्य.स.का अध्यक्षहरुबाट प्राप्त भयो ।

**घ) निरीक्षण अनुगमनको अभाव**

अध्ययन गरिएका विद्यालयहरुको पछिल्लो दुई वर्षको अवलोकनबाट दुई वर्षमा ३ पटक विद्यालय निरीक्षकहरुबाट र स्रोतव्यक्तिबाट एक वर्षमा २ पटक निरीक्षण अनुगमन गरी प्राविधिक सेवा पुर्‍याएको पाइयो । बहुकक्षा शिक्षणको प्रक्रिया, कक्षाकोठाको संरचना, सामग्री व्यवस्थापन, विद्यार्थी मूल्याङ्कनका विषयहरु अझै अन्योलता भएकोले ७ वटै विद्यालयका शिक्षक/प्र.अ.हरुबाट उपचारात्मक सुपरिवेक्षणको अपेक्षा सहितको प्रतिक्रिया पाइयो ।

**ङ) विद्यार्थीमा पाइने विविधताको व्यवस्थापन**

भौगोलिक विकटता, बहुभाषिक समुदायका विद्यार्थी, विद्यार्थीहरुको उमेर समूह र सिकाइ क्षमताको फरकपनले गर्दा सिकाइमा कठिनाई हुने गरेको सबैको इच्छा, आकांक्षा चाहनाहरु फरकफरक हुने गरेको, उनीहरुका रीतिरिवाज, चालचलन र संस्कार फरकफरक हुने भएकाले शिक्षण सिकाइमा कठिनाइ भएको ७ वटै विद्यालयका शिक्षकहरुको प्रतिक्रिया पाइयो ।

**च) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन**

सिमित साधन स्रोत, परामर्श सेवाको अभाव, विद्यार्थीको सिकाइ क्षमताको विविधता, मूल्याङ्कन प्रक्रिया सम्बन्धि ज्ञान र सीपको अभावका कारण निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन प्रभावकारी हुन नसकेको र यो मूल्याङ्कन पद्धति नै बोझिलो भएको प्रतिक्रिया ७ वटै विद्यालयका शिक्षकहरुबाट पाइयो ।

**छ) विद्यालय समुदाय सम्बन्ध**

अभिभावक शिक्षाको अभाव, दैनिक ज्याला मजदुरी, खेतीपाती गर्नुपर्ने अभिभावकको बाध्यता, चेतनास्तरको कमी जस्ता कारणले विद्यालय प्रति समुदायको अपनत्वभाव जागृत हुन नसकेको, घरमा विद्यार्थीका लागि उपयुक्त सिकाइ वातावरण नभएको , अभिभावक

भेला बोलाउँदा न्यून उपस्थिति हुने गरेको जस्ता कारणबाट विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुन नसकेको भन्ने वि.व्य.स.अध्यक्षहरु एवं प्रधानाध्यापकहरुको प्रतिक्रिया पाइयो ।

बहुकक्षा शिक्षण पद्धति पहुँच र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने सन्दर्भमा  एउटा वलियो बैकल्पिक शिक्षण व्यवस्था  भएतापनि यसको व्यवस्थापन गर्नु भनेको जटिल एवं चुनौतिपूर्ण कार्य पनि हो । शिक्षक विद्यार्थी, अभिभावक सबैका आधारभूत आवश्यकता पूर्ति भएमा उच्च नतिजा प्राप्त हुन सक्छ तसर्थ मास्लोको आवश्यकताको सिद्धान्तले भनेझैं आबश्यकताहरु पूर्ति हुन नसक्नु, मेरी पार्कर फोलेट र इल्टन  मेयोले मानव सम्बन्ध सिद्धान्तमा भने झैं  विद्यालय सङ्गठनको लक्ष्य प्राप्तिमा शिक्षकहरुको बीच सामुहिक गतिशीलता नहुनु, शिक्षक/प्र.अ.र अभिभावकहरु बीच परिस्थितिजन्य सम्बन्धको वातावरण सृजना हुन नसक्नु तथा विद्यालय निरीक्षक, स्रोतव्यक्तिबाट अपेक्षाकृत सुपरिवेक्षण सहयोग उपलब्ध नहुनु जस्ता समस्या आइपरेको देखिन्छ ।

यसरी जर्ज एल्टन मायो र मेरी पार्कर फलेटको मानव व्यवस्थापन सिद्धान्त तथा अब्राहम मास्लोको अभिप्रेरणालाई आधार मानेर अध्यन गरिएको प्रस्तुत शोधपत्रमा विद्यार्थीका आधारभूति आवश्यकताहरुको पहिचान गर्नुका साथै उपयुक्त र मानवीय ढङ्गबाट बहुकक्षा सञ्चालन गर्नका लागि शिक्षक तालिमको अभाव, विद्यालयको भौतिक पूर्वाधार र स्रोतसाधनको सिमितता, शिक्षक व्यवस्थापन, निरीक्षण अनुगमनको अभाव, विद्यार्थीमा पाइने विविधताको व्यवस्थापन, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन, विद्यालय समुदाय सम्बन्ध जस्ता समस्या रहेको पाइयो ।

## ४.४ प्राथमिक तहमा बहुकक्षा शिक्षणमा देखिएका समस्या समाधानका उपायहरु

अध्ययनका क्रममा नमुना छनोटमा परेका विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.अध्यक्ष र स्रोतव्यक्तिलाई सोधिएका प्रश्नावली र अन्तरवार्ताका माध्यमबाट प्राथमिक तहमा बहुकक्षा शिक्षणमा देखिएका जल्दाबल्दा समस्या समाधानका उपायहरु निम्नानुसारका बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

**क) तालिमको व्यवस्था**

बहुकक्षा शिक्षण संग प्रत्यक्ष सरोकार राख्ने शिक्षक, प्र.अ.,वि.व्य.स., शिक्षक अभिभावक संघ, स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुमा बहुकक्षा शिक्षण सम्बन्धि नवीनतम् ज्ञान, सीप र शैलीको अभाव देखिएकोले समयसापेक्ष तालिमको व्यवस्था गरी योग्य र दक्ष बनाउनुपर्ने जवाफ पाइयो ।

**ख) विद्यालयमा भौतिक पूर्वाधार र स्रोतसाधनको व्यवस्था**

विद्यालयहरुमा बहुकक्षा शिक्षणका लागि उपयुक्त आकारका भवन, कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, घेराबार, दिवाखाजा, कक्षाकोठामा आवश्यक कालोपाटी/सेतोपाटी, डेस्कबेन्च, प्रदर्शन कक्ष र शैक्षिक सामग्री राख्ने ठाउँहरु भएको सिकाइ कक्ष सहितको उपयुक्त भौतिक पूर्वाधार र स्रोतसाधनको व्यवस्थापन आबश्यक पर्ने बिद्यालयका सरोकारवालाहरुको अभिमत पाइयो ।

**ग) शिक्षक व्यवस्थापन**

बिद्यालयहरुमा कक्षा सङ्ख्याको तुलनामा पनि शिक्षक व्यवस्थापन नभैरहेको अवस्थामा पर्याप्त शिक्षकको व्यवस्था गनुपर्ने देखियो । नेपाल सरकारले विद्यालयको अवस्थिति, भौतिक अवस्था र विद्यार्थीले पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्नका लागि योग्य र तालिम प्राप्त शिक्षकको व्यवस्थापन गर्नुपर्ने हुन्छ तसर्थ कक्षासङ्ख्याका आधारमा शिक्षकको व्यवस्थापन गर्नुपर्ने प्रतिक्रिया पाइयो ।

**घ) निरीक्षण अनुगमनको व्यवस्था**

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, प्रभावकारी र स्तरीय बनाउनका लागि निरीक्षण अनुगमनको उपयुक्त ढङ्गबाट व्यवस्थापन हुनु अनिवार्य हुन्छ । तसर्थ निरीक्षण अनुगमनका लागि प्रधानाध्यापक, वि.व्य.स., शिक्षक अभिभावक संघ, स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई बहुकक्षा शिक्षण सम्बन्धि आवश्यक तालिमको व्यवस्था गरी नियमित निरीक्षण सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ जसले गर्दा विद्यालयमा

बहुकक्षा शिक्षण व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सहज हुने कुरा विद्यालयका सरोकारवालाहरुको प्रतिक्रिया पाइयो ।

**ङ) विद्यार्थीमा पाइने विविधताको व्यवस्थापन**

भौगोलिक विकटता, बहुभाषिक समुदायका विद्यार्थी, विद्यार्थीहरुको उमेर समुह र सिकाइ क्षमताको फरकपनका कारण सिकाइमा कठिनाई हुने हुँदा पर्याप्त शिक्षक सङ्ख्या, तालिमको व्यवस्था, उपयुक्त कक्षाकोठा, पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था जस्ता पक्षमा शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालयले आवश्यक पहल गरी सुधार गनुपर्ने सरोकारवालाहरुको अभिमत पाइयो ।

**च) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने**

शिक्षण सिकाइमा सुधार ल्याउनका लागि विद्यार्थी मूल्याङ्कनका विभिन्न साधनहरु मध्ये निरन्तर विद्यार्थी मूल्याङ्कन पनि एक हो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा कक्षाकार्य⁄कक्षा सहभागिता, परियोजना कार्य, व्यवहार परिवर्तन,हाजिरी, हाजिरी, सिर्जनात्मक कार्य आदिलाई मापदण्ड बनाएर मूल्याङ्कन गरिन्छ । यसले कक्षा सञ्चालन भैरहेका बेला विद्यार्थीमा के कस्ता कमजोरी छन् र सिकाईमा कहाँ कहाँ कठिनाइ भयो पत्ता लगाइ ती कमजोरी हटाउने उपाय समेत देखाउने हुनाले यस पद्धतिको कार्यान्वयन विद्यालयमा गराउनुपर्ने सन्दर्भमा यस सम्बन्धि तालिम र कार्यान्वयनका लागि शिक्षक र विद्यालयका सरोकारवालाको प्रतिक्रिया पाइयो ।

**छ) विद्यालय-समुदाय सम्बन्ध सुधार**

विद्यालयको लक्षित उद्धेश्यलाई पूरा गर्नको लागि अन्य सरोकार पक्ष भन्दा समुदायको भूमिका बढी हुने गर्दछ । अभिभावकहरुमा चेतनामूलक कार्यक्रमको व्यवस्था गरी विद्यालय हाम्रो हो भन्ने भावनाको विकास गर्न, विद्यालय प्रति अपनत्वको भावना विकास गर्न, छोराछोरीको भविश्य नै हाम्रो भविश्य हो भन्ने भावनाको विकास गर्नका लागि विद्यालय मार्फत विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन भएमा विद्यालय समुदाय सम्बन्ध सुधार भइ

बहुकक्षा शिक्षण लगायत अन्य विद्यालयको स्तर सुधारमा टेवा पुग्ने सम्बद्ध सरोकारवालाहरुबाट प्रतिक्रिया दिएको पाइयो ।

यसरी जर्ज एल्टन मायो र मेरी पार्कर फलेटको मानव व्यवस्थापन सिद्धान्त तथा अब्राहम मास्लोको अभिप्रेरणालाई आधार मानेर अध्यन गरिएको प्रस्तुत शोधपत्रमा भोलिका दिनमा बहुकक्षा शिक्षण व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि तालिमको व्यवस्था, विद्यालयमा भौतिक पूर्वाधार र स्रोतसाधनको व्यवस्था, शिक्षक व्यवस्थापन, निरीक्षण अनुगमनको व्यवस्था, विद्यार्थीमा पाइने विविधताको व्यवस्थापन, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्ने, विद्यालय-समुदाय सम्बन्ध सुधार जस्ता कार्यहरु गर्नु पर्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.५ प्राप्तिको सारांश

प्रस्तुत शोध पत्रमा शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता प्राप्त गर्नका लागि तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरेर सोही अनुसार तथ्यांक संकलन गरिएको प्रस्तुत शोधकार्यमा प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण गरी प्राप्त तथ्यलाई निम्नानुसार समीक्षा गरिएको छ :

शिक्षकहरुको न्यूनतम सङ्ख्या रहेको पाइयो जसमा अधिकांश सरकारी दरबन्दीमा रहेका शिक्षक तालिम प्राप्त भएको पाइयो भने अधिकांश निजी स्रोतका शिक्षकहरु तालिम अप्राप्त पाइयो । अधिकांश विद्यालयमा शिक्षक निजी स्रोतबाट नियुक्ति लिई अध्ययन, अध्यापन गरेको पाइयो भने ति शिक्षक शिक्षिका अध्यापन अनुमति पत्र नपाएका र शैक्षिक तालिम सम्बन्धि विषयमा अन्योलमा रही कक्षा नियन्त्रण गर्ने गरी शिक्षण गरेको पाइयो । भौतिक, आर्थिक, फर्निचर आदिको समस्याको कारणले गर्दा पनि बहुकक्षा शिक्षण सञ्चालन गरेको पाइयो । उपयुक्त कक्षाकोठाको आकार, झ्याल ढोका, फर्निचर, डेक्स बेन्चको अवस्था उपुक्त साइजको अभाव रहेको पाइयो ।  शिक्षकको अनुपस्थिति, प्र.अ.को प्रशासनिक कार्य,

अफिसिलयल कार्य, दरबन्दीका शिक्षकहरु तालिमको व्यस्तताको कारणले गर्दा दैनिक समय तालिकाको प्रयोग राम्रो ढङ्गले गरिएको पाइएन साथै अन्य शिक्षक, प्र.अ.को समेत कक्षा सञ्चालन गर्नु परेको पाइयो ।सरकारी नियमानुसारको विद्यार्थी शिक्षक विद्यार्थी अनुपातमा १:५०, १:४५ र १:४० रहेको पाइएन । सम्पूर्ण अध्ययन गरिएका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून रहेको पाइयो ।

उपयुक्त कक्षाकोठाको व्यवस्थापन, बहुकक्षा शिक्षण अनुकुल बातावरण, धेरैजसो कक्षाकोठाहरु सरसफाई, उज्यालोमा उपयुक्त सुविधा र आकारको केही पनि भएको पाइएन । शिक्षकको अनुपस्थितिको कारणले आइपरेको समस्या समाधान गर्ने ढङ्गले वहुकक्षा शिक्षण अस्थायी रुपले मात्र सञ्चालन गरेको पाइयो । शैक्षिक सामग्रीको रुपमा शिक्षक निर्देशिका र पाठ्यपुस्तक मात्र अपनाएको पाइयो । केही सिमित विद्यालयका शिक्षक शिक्षिकाहरुले अन्य पाठ अनुसारको सामग्रीहरु प्रयोग गरेको पाइयो । अधिकांश विद्यालयले वार्षिक कार्य योजना निर्माण गर्ने

गरेको पाइयो भने लिखित दैनिक पाठयोजना भने प्रयोग गरेको पाइएन । तालिम नलिएका शिक्षक शिक्षिकाले परम्परागत विधिकै आधारमा, तर्साएर अनुशासनमा राख्ने, अनावश्यक दण्ड, पाठ्यपुस्तकमा निर्भर,विद्यार्थीलाई गृहकार्य र कक्षा कार्यको अनावश्यक बोझ दिइने गरेको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई पूर्णता प्राप्त गर्नका लागि उद्देश्य अनुसार तथ्यांक संकलन गरेपछि सोही अनुसार व्याख्या विश्लेषण गरी त्यसको निष्कर्ष प्रस्तुत गरेर सुझाव समेत प्रस्तुत गर्नु आवश्यक रहन्छ । प्रस्तुत शोधकार्यलाई पूर्णता प्रदान गर्नका लागि निम्नानुसार निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

अधिकांश विद्यालयको अवलोकनबाट के थाहा पाइन्छ भने शिक्षकको सङ्ख्या कक्षाकोठाको तुलनामा कम रहेको पाइयो । बहूकक्षा शिक्षणमा कक्षा सञ्चालनमा तालिम अप्राप्त र माथिल्लो योग्यता नभएको शिक्षकले सञ्चालन गरेको पाइयो ।अधिकांश विद्यालयको भौतिक पक्ष राम्रो रहेको पाइयो भने आर्थिक, प्रशासनिक तथा शैक्षिक पक्ष तथा शिक्षाको गुणस्तर राम्रो भएको पाइएन । शिक्षण सामग्रीको उचित ढङ्गले प्रयोग गरेको पाइएन । उपयुक्त शिक्षण विधि र क्रियाकलाप सञ्चालन गरेको पाइएन । अध्ययन र अनुसन्धानमा परेका विद्यालयको गतिविधि हेर्दा बहुकक्षा शिक्षणको अभ्यासले शिक्षणमा राम्रो प्रभावकारीता तथा उचित परिणाम या शैक्षिक उपलब्धी चित्त बुझ्दो ढङ्गले हासिल गर्न सकेको पाइएन । विशेष गरी कक्षा १-३ मा बढी उपयुक्त रहेको पाइयो । त्यसमा पनि गणित, शि.अ.क., शारीरिक तथा दुनोट, चित्रकला, विज्ञान विषयमा बढी मात्रामा उपयुक्त भएको पाइयो । सरकारी दरबन्दीमा रहेका शिक्षक शिक्षिका पूर्ण तालिम प्राप्त देखियो भने स्थानीय स्रोतबाट परिचालित निजी स्रोतका शिक्षक शिक्षिकाहरु भने तालिमको अवसरबाट वन्चित रही धेरै जसो पुरानो विधिबाट नै शिक्षण गरेको पाइयो । प्र.अ. तथा सरकारी शिक्षक बढी मात्रामा स्रोतकेन्द्र तथा जि.शि.का धाउनु पर्ने भएकोले निजी स्रोतका शिक्षकले बढी मात्रामा कक्षा सञ्चालन गरेको पाइयो । बहुकक्षा शिक्षणमा विधि, शिक्षण तरिका तथा क्रियाकलाप, कक्षा क्रियाकलापमा समेत अप्ठ्यारो महशुस गरेको पाइयो । साथै शिक्षण सामग्रीको उचित प्रयोग गर्न समेत नसकेको पाइयो । बार्षिक कार्य योजना अनुसार कक्षा सञ्चालन गरेको पाइएन । साथै दैनिक कार्य तालिका र कक्षाकोठा क्रियाकलाप फरक परेको देखियो ।

शैक्षिक सामग्रीको रुपमा पाठ्यपुस्तक एवं शिक्षक निर्देशिकालाई मात्र प्रयोग गरेको देखियो । स्थानीय सामग्रीको मात्र केही प्रयोग गरेको पाइयो । वढी किताबी ज्ञान वा शिक्षक केन्द्रीत विधिले कक्षा सञ्चालन भएको पाइयो भने केही विद्यार्थी केन्द्रति विधि अवलम्बन गरेको पाइएन । सम्बन्धीत निकाय जस्तो जि.शि.का., शिक्षा विभाग, मन्त्रालय तथा अन्य संघसंस्थाबाट बहुकक्षा सञ्चालन भएको विद्यालय वा शिक्षक शिक्षिकाहरुलाई त्यस्तो विशेष तालिम या सहयोग गर्ने, निर्देशन दिने जस्ता कुनै पनि विषयमा सल्लाह एवं सुझाव दिइएको पाइएन । मूल्याङ्कन प्रकृयाको तरिका उचित देखिएन र प्राय शिक्षण क्रियाकलाप पनि विद्यार्थीको उचित सिकाई उपलब्धी गराउन सक्ने खालको विधि अवलम्बन गरेको पाइएन । केवल कक्षाकोठा नियन्त्रण र पुरानो विधि नै अनुसरण गरेको पाइयो । भौतिक सुविधाको अभाव, कक्षागत शिक्षक बमोजिम शिक्षक सङ्ख्या कम र विद्यार्थी सङ्ख्या अनुसार भने यो विधि तालिम नलिइकन पनि अपनाएको हुँदा उपलब्धीपूर्ण नै देखियो ।

## ५.२ सुझावहरु

नेपालको सन्दर्भमा यो विधि अधिकांश विद्यालयले अपनाउनु परेको हुनाले कतिपय ढङ्गले सोच्दा यो विधि प्रभावकारी देखिन्छ भने भौतिक, शैक्षिक, आर्थिक एवं तालिमको अप्राप्तताले गर्दा यो विधिको सञ्चालन गर्दा विभिन्न ढङ्गले उचित एवं उपलब्धीपूर्ण नभएको पनि देखिन्छ । त्यसैले यो विधि संञ्चालन गर्ने क्रममा निम्नानुसार नीतिगत, कार्यान्वयन र अनुसन्धान तहका लागि निम्न बमोजिमको सल्लाह एवं सुझाव दिन उचित दखिन्छ ।

### ५.२.१ नीतिगत तह

नीति निर्माण तहमा देशको भौगोलिक अवस्था एवम् जनसाँख्यीक वितरण अनुसार बहुकक्षा शिक्षण संचालनको स्पष्ट नीति निर्माण गरिनु उपयुक्त हुन्छ । बहुकक्षा शिक्षण कार्य जटिल र चुनौतिपूर्ण भएकाले सो कार्यमा संलग्न विद्यालय, शिक्षकहरुलाई थप सेवा सुविधाको निम्ति नीतिगत व्यबस्था गरिनु उपयुक्त हुन्छ । सम्बन्धित निकाय जस्तो स्रोतकेनद्र, जि.शि.का., विभाग देखि लिएर मन्त्रालयसम्मका सम्पूर्ण निकायले विद्यालयको समस्यालाई

मध्यनजर गर्दै समय समयमा उचित निर्देशन तथा उक्त विधि सम्बन्धी विषयमा छलफल एवं सल्लाह र सुझाव दिइनु पर्दछ । शिक्षण गर्दा बहुकक्षा शिक्षण कस्तो विधि हो, कसरी उमेर अनुसारको विद्यार्थीहरुको बाल मनोविज्ञान अनुसार शिक्षण गर्नु पर्दछ त्यो शिक्षक शिक्षिकालाई जानकारी हुनुपर्दछ । यो विधि शिक्षण गर्नको लागि प्रत्येक शिक्षक शिक्षिकालाई पूर्ण तालिमप्राप्त बनाइनु पर्दछ र विशेष बहुकक्षा शिक्षण सम्बन्धी समय समयमा तालिम दिइनु पर्दछ । कक्षाकोठाको व्यवस्थापन, शिक्षण क्रियाकलाप, उचित मूल्याङ्कनको तरिकाको व्यवस्था गरिनु पर्दछ । कक्षा अनुसार शिक्षक दरबन्दीको व्यवस्था गरिनु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

प्रा.वि. तहमा बुहकक्षा शिक्षणलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि कार्यान्वयन तहका लागि निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

कक्षा व्यवस्थापनको लागि उचित सुविधाहरुको व्यवस्था गर्नु पर्दछ । सकभर स्थानीय शिक्षण सामग्रीहरुको प्रयोग गरी विद्यार्थी केन्द्रित विधिको अनुसरण गर्नु उचित एवं उपलब्धीपूर्ण हुने देखिन्छ । विद्यार्थी, शिक्षक तथा प्र.अ.को विद्यालय उपस्थितिमा नियमितता हुनु पर्दछ । भौतिक, आर्थिक, उचित कक्षा व्यवस्थापन, कक्षाकोठाको आकार, विद्यार्थी बस्नको लागि डेक्स, तथा बेन्च, समूह विभाजन गर्न सकिने उचित किसिमको कक्षा व्यवस्थापन गरिनु पर्दछ । अधिकांश विद्यालयमा वार्षिक कार्य योजना, शैक्षणिक योजना, दैनिक पाठयोजना जस्ता विषयमा अनिवार्य निर्माण गरी त्यस अनुसार शिक्षण गर्दा त्यसैलाई अनुसरण गरिनु पर्दछ । प्रत्येक शिक्षकलाई तालिम दिइनु पर्दछ । पुरानो विधिलाई छाडेर नयाँ नयाँ विधि अपनाएर शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गरिनुपर्दछ । पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकालाई मात्र प्रयोग गरिनु हुँदैन । विद्यार्थीलाई स्वतन्त्र ढङ्गले ज्ञान दिइनु पर्दछ । तर्साएर अनुशासनमा राख्ने या अनावश्यक दण्ड दिइनु हुदैन । वालमैत्री कक्षा सञ्चालन गरीनु पर्ने देखिन्छ । कक्षाकोठामा आइपरेका समस्यालाई समाधान गर्नको लागि शिक्षक स्वयंले सक्रिय भूमिका निर्वाह गरिनु पर्ने देखिन्छ । शिक्षा क्षेत्रमा उचित लगानी गर्नु पर्दछ । न्यून लगानीको कारणले गर्दा बहुकक्षा सञ्चालन गर्नु परेकोले

जस्तो आर्थिक एवं भौतिक एवं शिक्षकको सङ्ख्यामा विशेष ध्यान पुर्याउनु पर्ने देखिन्छ । शिक्षण सामग्री निर्माण गर्दा बहु उपयोगी तथा बहुकक्षा या बहु विषयलाई र विद्यार्थीले सजिलै बुझ्न सकिने खालको निर्माण गरिनु पर्दछ । बहुकक्षा सञ्चालन गर्नलाई अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्न गराउन सम्पूर्ण पक्षबाट उचित किसिमको सहयोग एवं सल्लाह तथा सुझाव दिइ सहयोग पुर्याउनु आवश्यक देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

बहुकक्षा शिक्षणको सैद्धान्तिक अवधारणा तथा नेपालको विशिष्टतामा यसका चुनौतीहरुको सन्दर्भमा बृहत अध्ययन अनुसन्धान आवश्यक देखिन्छ । हाल विभिन्न विद्यालयहरुमा संचालित बहुकक्षा शिक्षणको प्रभावकारीताका सन्दर्भमा वृहत्तर अध्ययन अनुसन्धान गरी बहुकक्षा शिक्षण विधिलाई थप विकसित गरिनुपर्दछ । अन्तराष्ट्रिय जगतमा बहुकक्षा शिक्षणका अभ्यास,उपयोगिता र प्रभावकारिताको बारेमा अध्ययन अनुसन्धान गरिनु उपयुक्त हुन्छ । साथै भावि अनुसन्धानकर्ताहरुले बहुकक्षा शिक्षणले शिक्षण सिकाइमा पारेको प्रभाव, तालिम र बहुकक्षा शिक्षणबिचको सम्बन्ध, बहुकक्षा शिक्षणमा शैक्षिक योग्यता तथा तालिमको प्रभाव, बहुकक्षा शिक्षणले शैक्षिक उपलब्धिमा पारेको प्रभाव, प्राथमिक तहमा बहुकक्षा शिक्षण :एक वैकल्पिक शिक्षण विधि जस्ता शीर्षकमा अध्ययन हुन सकेको खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

# सन्दर्भग्रन्थ


खनाल, श्रीप्रसाद र अन्य (२०६५), *शिक्षण पद्धति,* काठमाडौँ : जुपिटर प्रकाशन एण्ड डिष्ट्रीव्यूटर्स ।

पौडेल, लेखनाथ (२०६५), *शैक्षणिक पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

थपलिया, डा. तुलसीप्रसाद,(२०७२), *शिक्षक स्रोत पुस्तक,* काठमाडौँ : सिकाइ समूह प्रा.लि

मिश्र, विमला,(२०७२), *शिक्षक स्रोत पुस्तक,* काठमाडौँ : सिकाइ समूह, प्रा.लि. ।

वाग्ले, मनप्रसाद,ढकाल माधवप्रसाद (२०६५), *शैक्षणिक पद्धतिको प्रारम्भिक परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

न्यौपाने, विनोद (२०६०), *प्राथमिक शिक्षण दर्पण,* काठमाडौँ : बौद्धिक दर्पण प्रकाशन ।

लोहनी , शम्भुप्रसाद (सन् २०१५), *नेपालमा बहुकक्षा शिक्षण,* गोरखापत्र डट कम ।

शर्मा, कुवेरनाथ (२०६६), *शिक्षण शास्त्र,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा डण्डपाणि (२०६६), *नेपालको सन्दर्भमा बहुकक्षा शिक्षण,* काठमाडौँ : शिक्षा, शिक्षा जगतको पत्रिका ।

शर्मा चिरन्जीवी र शर्मा निर्मला (२०६५), *शैक्षणिक विधि,* काठमाडौँ :एम.के पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स भोटाहिटी ।

शै.ज.वि.केन्द्र (२०६३), *प्राथमिक शिक्षक सहयोग स्वाध्ययन सामग्री,* भक्तपुर : पेशागत सीप (भाग-१) ।

शै.ज.वि.केन्द्र (२०६४), *आधारभूत प्राथमिक शिक्षक प्रशिक्षण,* भक्तपुर : प्राथमिक शिक्षकहरुका लागि स्रोत सामग्री, भाग-१ ।

शै.ज.वि. (२०५८), *आधारभूत प्राथमिक शिक्षक प्रशिक्षण,* भक्तपुर : प्राथमिक शिक्षकहरुका लागि स्रोत सामग्री ।

श्रेष्ठ, किशोर (२०६२), *शिक्षक शिक्षा,* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

श्रेष्ठ,इमनारायण, पौड्याल, अनन्तकुमार (२०६७), *नेपालमा बहुकक्षा शिक्षण, सङ्कट व्यवस्थापन कि शैक्षणिक छनोट ? ,* काठमाडौँ : शिक्षक शिक्षा, ।

Best. JV and Khan JV(1999), *Research in Education, (7$^{th}$ Ed.) New Delhi.* Prentice Hall of India.

CERID, (2004), An Analytical Study of Existing Multigrade and Multi Class Teaching Practice in Nepal.

## प्राथमिक तहमा                    गको प्रभावकारिता

## अनुसूची-४

## प्रधानाध्यापकका लागी प्रश्नावली

प्र.अ.को नाम

विद्यालयको नामः

ठेगाना :-

१. वहुकक्षा शिक्षण भन्नाले के वुझ्नु हुन्छ , र यसको प्रयोग कहिले देखि गर्दै आउनु भएको छ ?

……………………………………………………………………………………………

२. बहुकक्षा शिक्षण सम्बन्धमा तपाईले लिनुभएको कुनै तालिम भए उल्लेख गर्नुहोस ।

……………………………………………………………………………………………

३. वहुकक्षा शिक्षण तपाईको विद्यालयमा आवश्यक छ ? यसमा सन्तुष्ट हुनुहुन्छ कि हुनुहुन्न ? किन ?

……………………………………………………………………………………………

४.वहुकक्षा शिक्षण पद्धतिबाट शिक्षण सिकाइमा र विद्यालय व्यवस्थापनमा कस्तो प्रभाव परेको छ ?

……………………………………………………………………………………………

५. वहुकक्षा शिक्षण सञ्चालन गर्दा के कस्ता समस्यादेखिएका छन् ?

……………………………………………………………………………………………

६ वहुकक्षा शिक्षण पद्धतिप्रति विद्यार्थी र अभिभावकको प्रतिकिया कस्तो पाउनु भएको छ ?

……………………………………………………………………………………………

७.वहुकक्षा शिक्षण सञ्चालनमा वि.व्य.स.,स्रोत व्यक्ति, विद्यालय निरिक्षक, जिल्ला शिक्षा अधिकारीबाट के कस्ता सहयोग, सरसल्लाह पाउनु भएको छ ?

……………………………………………………………………………………………

८.वहुकक्षा शिक्षणमा देखिएका समस्या समाधानका उपायहरु के के हुनसक्छन् ?

# प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता

## अनुसूची- ३

### प्राथमिक तहका शिक्षकहरुका लागि प्रश्नावली

१.बहुकक्षा शिक्षण पद्धतिबाट सिकाई उपलब्धी हासिल गर्नसजिलो या अप्ठ्यारो छ की

.............................................................................................................

२. तपाईको विद्यालयमाबहुकक्षा शिक्षण सञ्चालन गर्नु भएको भए शिक्षकको कमी, आर्थिक स्रोतको कमि भौतिक सुविधाको कमि वा अन्य कुनै कारणले गर्नुभएको हो प्रष्ट पारिदिनुहोस् ।

.....................................................................................................

३. बहुकक्षा शिक्षण कहिले देखि सञ्चालन गर्दै आउनुभएको छ ? तपाईले यस सम्बन्धीतालिम लिएको भए उल्लेख गर्नुहोस ।

........................................................................................................

४. बहुकक्षा शिक्षण संचालनका लागी कक्षाकोठाको व्यवस्थापन कसरी गर्नु भएको छ ? समयलाई कसरी व्यवस्थापनगर्नु भएको छ ?

.......................................................................................................

५. बहुकक्षा शिक्षण गर्दा विद्यार्थीहरुको स्तर र रुची बमोजिम कक्षा सञ्चालन गर्न सकिदोरहेछ ? यदि सकिने भए अझ राम्रो वनाउनु के गर्नु पर्ला ?

.........................................................................................................

६. बहुकक्षा शिक्षणमा विद्यार्थी मूल्यांकनका लागी कस्तो विधी अपनाउने गर्नुभएको छ ?

...........................................................................................................

७. तपाईले प्र.अ, वि.व्य.स,तथा सुपरीवेक्षकहरुबाट प्राप्त गर्नुभएको सहयोग उल्लेख गर्नहोस ।

# प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता

## अनुसूची-१

## विद्यालय अनुगमन फाराम (अनुसुची)

विद्यालयको नाम ठेगनाः

१. स्रोतहरुको प्रयोग र पर्याप्तताको

क) विद्यालय भवन ख) कक्षाकोठाको सङ्ख्या

ग) प्रयोग गरिने कक्षाकोठाको सङ्ख्या : शिक्षण अफिस

घ) भौतिक सुविधा - डेक्स वेन्च कालोपाटी

पुस्तकालय शौचालय खानेपानी खेलमैदान

ङ वहुकक्षा शिक्षणको अवधारणा अनुसार कक्षाकोठाको सुविधाजनक :छ छैन

च) वार्षिक कार्य योजना : छ छैन

छ) यसको कार्यान्वयन : भएको नभएको

ज) दैनिक रुटिङः भएको नभएको

झ ) शिक्षकको कार्यभार(पिरियड सङ्ख्या) :

ञ) शिक्षक सङ्ख्या तथा प्रकारःअ) स्थायी आ) अस्थायी

इ)अन्य ई)जम्मा

अ) तालिम प्राप्त आ) तालिम अप्राप्त इ) आंशिक तालिम प्राप्त

ट) विद्यार्थीको अभिलेख

| कक्षा | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| छात्र | | | | | |
| छात्रा | | | | | |
| जम्मा | | | | | |
| आजको उपस्थिति | | | | | |

# प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता

## अनुसूची-२

## विद्यार्थीका लागि समूह छलफल सूची

क) एउटै समयमा शिक्षक अन्य कक्षाकोठामा जाने आउने गर्दा तिमीहरुलाई कस्तो लागेको छ ?

.............................................................................................

ख) एउटै पिरियडमा शिक्षक अन्य कक्षाकोठामा पनि जानुपर्ने हुँदा थोरै समयमा पनि तिमीहरुले विषयवस्तु बभ्m्न सक्छौ ?

.............................................................................................

ग) तिम्रो कक्षामा कक्षा मनिटरको व्यवस्था छ ?

.............................................................................................

घ) तिमीहरुलाई शिक्षकले गृहकार्य दिने गर्नुहुन्छ ?

.............................................................................................

ङ) शिक्षण गर्दा शिक्षकले शैक्षिक सामग्री प्रयोग गर्ने गर्नुहुन्छ ?

.............................................................................................

च) गृहकार्य कसरी परीक्षण गर्नुहुन्छ ?

.............................................................................................

छ) यस प्रकारको शिक्षणबाट तिमीहरुसन्तुष्ट छौ ?

.............................................................................................

ज) विद्यालयमा तिमीहरुलाई  के के समस्याहरु परेका छन् ?

.............................................................................................

झ) पुस्तकालयमा गएर तिमिहरुले पुस्तकहरु पढने गरेका छौ ?

.............................................................................................

ञ) बहुकक्षा शिक्षण व्यवस्थाले तिमीहरुलाई कस्तो प्रभाव पारेको छ ?

.............................................................................................

ट) तिम्रो कक्षाकोठालाई अझ राम्रो बनाउन के के गर्नुपर्ला ?

.............................................................................................

ठ) तिम्रो घरमा पढ्ने वातावरण मिल्छ कि मिल्दैन?

.............................................................................................

ढ) शिक्षक  कक्षामा नआउदा तिमीहरु के गर्छौ ?

# प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता

## अनुसुची ५

## वि.व्य.स अध्यक्षका लागी प्रश्नावली

१) तपाईको विद्‍यालयमा शिक्षक व्यवस्थापन कसरी भएको छ ?

..............................................................................................

२) कक्षाकोठाको अभाव हुँदा शिक्षण कियाकलापको व्यवस्था कसरी गर्ने गर्नुभएको छ ?

........................................................................................................

३) शिक्षकको अभाव हुँदा शिक्षण कियाकलापको व्यवस्था कसरी गर्ने गर्नुभएको छ ?

...................................................................................

४) पर्याप्त स्रोतको अभावमा पनि माथिल्लो कक्षा संचालनको अनुमति किन लिनुहुन्छ ?

............................................................................

५) तपाईको विद्‍यालयमा आर्थिक स्रोतको व्यवस्थापन कसरी गर्ने गर्नुहुन्छ ?

.....................................................................................................

६) बहुकक्षा शिक्षण प्रतिको तपाईको धारणा के छ ?

...............................................................................................

७) बहुकक्षा शिक्षणबाट शिक्षक, विद्‍यार्थी र अभिभावकहरु कति सन्तुष्ट छन् ?

.........................................................................................................

८) वि.व्य.स बैठकमाबहुकक्षा शिक्षणको प्रभावकारिता सम्बन्धी छलफल गर्ने गर्नुभएको छ?

......................................................................................................

९) बहुकक्षा शिक्षण प्रयोगमा के कस्ता समस्याहरु आइपरेका छन्?

......................................................................................................

१०) के गरियो भने ती समस्याहरु समाधान गर्न सकिएला ?

## प्राथमिक तहमा बहुकक्षा शिक्षणको प्रभावकारिता
## अनुसुची-६
## श्रोतव्यक्तिका लागि प्रश्नावली

क) बहुकक्षा शिक्षण व्यवस्था तपाईलाई कस्तो लाग्छ ?

.....................................................................................................

ख) तपाईको श्रोतकेन्द्रमा बहुकक्षा शिक्षणको कार्यान्वयनकसरी गराउनु भएको छ ?

.....................................................................................................

ग) तपाईको स्रोतकेन्द्रमा बहुकक्षा शिक्षण सम्बन्धी तालिमप्राप्त शिक्षकहरु कति प्रतिशत छन् ?

.....................................................................................................

घ) प्रत्येक विद्यालयमा कक्षा र शिक्षक दरवन्दीको अनुपातबराबर नहुनाको कारण के हो ?

.....................................................................................................

ङ) कम शिक्षकबाट नै कक्षा सन्चालन गर्नुपर्दा के के समस्याहरु आउन सक्छन् ?

.....................................................................................................

च) कम शिक्षक हुदाहुदै पनि विद्यालयले किन थप कक्षाको अनुमति लैजाने गरेका होलान्?

.....................................................................................................

छ) बहुकक्षा शिक्षणको प्रयोग प्रति शिक्षकहरुको चासो,रुचि र उत्साह कस्तो पाउनु भएको छ ?

.....................................................................................................

ज) बहूकक्षा शिक्षणबाट शिक्षक, विद्यार्थी र अभिभावकमा कस्तो प्रभाव परेको पाउनुभएको छ ?

.....................................................................................................

झ) बहुकक्षा शिक्षणले शिक्षण सिकाई र सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

.....................................................................................

ञ) तपाईको अनुभवमा बहुकक्षा शिक्षणका समस्याहरु के के छन् जस्तो लाग्छ ?

.....................................................................................

ट) बहुकक्षा शिक्षणका लागि शिक्षक, विद्यार्थी, प्र.अ.र अभिभावकले के कस्तो भूमिका खेल्नुपर्ला ?

.....................................................................................................

ठ) बहुकक्षा शिक्षणमा देखिएका समस्याहरु समाधान गर्न के के उपायहरु अपनाउन उपयुक्त होला ?

.....................................................................................................

ड) तपाईले बहुकक्षा शिक्षण सम्बन्धी कुनै तालिम लिनुभएको छ ?

.....................................................................................................

ढ) तपाईले आफ्नोस्रोतकेन्द्रमा बहुकक्षा शिक्षण सम्बन्धी कुनै तालिम संचालन तथा बैठकमा छलफलगर्ने गर्नुभएको छ ?